कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

२४ औं वार्षिकोत्सव

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २४ | अंक: १ | वि.सं. २०८१ बैशाख १ शनिवार | नेपाल संवत: ११४२, चैत शुक्ल पञ्चमी | Saturday 13 Apr. 2023 | yugaawhan@gmail.com | पृष्ठ: १२ | मूल्य: ५ ।-

## प्रकाशकीय...

पहिलो पटक सन १४४० मा जर्मन नागरिक गुटेन जोहानेस वर्गले काठको छाप्ने मेसिनको आविस्कार गरेका थिए। सोही मेसिनको आविस्कारसंगै किताव तथा पत्रपत्रिकाको प्रकाशन प्रारम्भ भएको इतिहाँस छ। नेपालमा पशुपत प्रेसबाट १९५५ मा सुधासागर साहित्यिक मासिक पत्रिका प्रकाशित भयो। नेपाल भित्रबाटै नेपाली भाषामा प्रकाशित यो पहिलो पत्रिका हो। यसभन्दा अगाडि १९४८ सालतिर भारतको वनारसबाट मोतिराम भट्टको पहलमा गोर्खा भारत जीवन प्रकाशित भइसकेको थियो। १९५८ वैशाख २४ गते साप्ताहिक गोरखापत्रको प्रकाशन शुरु भयो। १९६० कै दशकमा माधव प्रसाद वर्माको सम्पादकत्वमा चन्द्र नामक सचित्र मासिक पत्रिकाको प्रकाशन शुरु भयो। राणाहरूको कारण १२ अंक पछि यसले निरन्तरता पाउन सकेन। वनारसबाट १९६५ मा मातृका प्रसाद अधिकारी र राममणि आर्चाय दिक्षितले माधवी नामक मासिक पत्रिका प्रकाशित गरेका थिए। यो नेपाली छापामाध्यमको संक्षिप्त इतिहाँस हो।

यस संस्थाले स्थापना तथा निरन्तरताको २३ औं बर्ष पुरा गरेको छ। २४ औं बार्षिकोत्सव मनाउन पाउँदा हामी ज्यादै हर्षित छौं। २०५७ फागुन २४ गते जिल्ला प्रशासन कार्यालय सुर्खेतमा दर्ता भई प्रकाशन प्रारम्भ भएको थियो। २०६६ चैत्र २९ गतेदेखि दैनिक प्रकाशन प्रारम्भ भयो। स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको भरपुर उपयोग गर्दै २०७६ भदौं १ गतेदेखि आफ्नो स्तरबृद्धि गरी ठुलो आकार (ब्रोडसिट) मा कर्णालीबाट पहिलो पटक प्रकाशन गरी निरन्तरता दिन सफल भएका छौं। निष्पक्षता, निर्भिकता र निरन्तरता हाम्रो मुल मन्त्र हो। स्थानीय स्रोत, साधन, उपलब्ध प्रविधिको भरपुर उपयोग गर्दै हामीले आफ्नो प्रकाशनलाई थप परिस्कृत, परिमार्जित, सुव्यवस्थित साथ दैनिक फरक/फरक विषयवस्तुमा पाठकमाझ उपस्थिति जनाउने गरेका छौं। कोभिड-१९ को विश्वव्यापी महामारी, विश्व लकडाउनको अवस्थामा पनि देशका ठुलाभनिएका सबै छापामाध्यम केही दिन बन्द भए। मोफसलमा रहेर हाम्रो टिमले आफ्नो प्रकाशनलाई एक दिनपनि नरोकि नियमित प्रकाशन गरेर महामारीको ठुलो संकटपूर्ण अवस्थामा हाम्रा पाठकहरुलाई अन्यौलता, सन्त्रासमा सही सूचना, जानकारी, सन्देश प्रवाह गरी पाठकलाई सचेत बनाएको अवगतनै छ।

कर्णालीको रोग, भोक, अभाव, बेरोजगारी समस्यालाई छिचोल्दै कर्णालीको उद्यमशिलता, खानी, जल, जंगल, कृषि, जडिबुटीको उत्खनन्, प्रशोधन र पर्यटनको सम्भावना खोजी बारे पैरवी गरेका छौं। अझै सशक्त रुपमा गर्नेछौं। प्रदेश सरकार, संसद र स्थानीय सरकारका क्रियाकलाप बारे नागरिकलाई जानकारी दिलाउनु हाम्रो मुख्य कर्म हो। पद, प्रतिष्ठा र शक्तिको दुरुपयोगबाट हुन सक्ने कानून विपरितका गतिविधिलाई रोक्न, सुधार गनु खबरदारी गर्नु हाम्रो प्रमुख धर्म हो। अधिकार प्राप्त अधिकारीबाट हुन सक्ने अनियमितता, भ्रष्टाचार, मनपरीलाई खबरदारी गर्दै आम नागरिकका माझ जस्ता त्यस्तै सूचना, सन्देश, जानकारी उपलब्ध गराउन नियमित लागेकै छौं। पत्रिकामार्फत खोज, अनुसन्धानमूलक समाचार, लेख रचनासँगै कला, साहित्य, भाषाभाषि, लोककलाको संरक्षण र सम्वर्द्धनमासमेत हाम्रो प्राथमिकतामा रहेको छ। आयातमूखी मुलकको अर्थतन्त्रले संकटपूर्ण अवस्थामा पुगेको व्यवसायी क्षेत्रका मुद्धाहरुलाई नियरन्तर उठाउँदै आएका छौं। स्थानीय उत्पादनको बजारिकरण, लागत महंगो, प्रचार प्रसारको अभावमा पलायन हुने अवस्थामा पुगेका स्थानीय कच्चा पदार्थमा आधारित उद्यमीहरुलाई प्रोत्साहन गर्न हामीले नियमित स्तम्भमार्फत स्थानीय उद्योगी, व्यवसायी र उत्पादनका बारेमा निरन्तर पैरवी प्रचार प्रसार गर्ने गरेका छौं।

पत्रकारिताको जग र इतिहाँस बनेको प्रिन्ट (छापा माध्यम) पत्रकारिता पछिल्लो समय संकट उन्मुख रहेको छ। इन्टरनेटको माध्यमबाट सञ्चालित डिजिटल प्लेटफर्मले मिडियाको अस्तित्व, व्यवसायीकता र प्रभावकारितामा चुनौति खडा गरेको छ। सूचना प्रविधिको विकाससंगै मिडियाका आयामहरुमा र पाठकका अभिरुची परिवर्तन हुँदै गएका छन्। ठुला उद्योग, कलकारखानाको अभाव, सिमित स्रोत, साधन, भौगोलिक विकटता, सार्वजनिक खरिद ऐन/नियमावली मोफसलका मिडियामैत्री नहुँदा सरकारी विज्ञापन काठमाडौं केन्द्रित हुनु, विज्ञापन बजारमा रहेको अस्वस्थ प्रतिस्पर्धा र विकृतिले समग्र मिडिया उद्योगलाई नै धरासायी बनाईरहेको छ। मोफसलमा सानो विज्ञापन बजार र भौगोलिक विकटता रहेको कर्णालीमा यो काम सजिलो भने पक्कै छैन। तर पनि हाम्रा आमपाठक, विज्ञापनदाता र शुभेच्छुकहरूको मायाले हामी थप उत्साहित नै छौं। समग्र कर्णाली प्रदेशको विकास र समृद्धिका लागि आगामी दिनमा हाम्रो उपस्थिति सशक्त हुनेछ।

सूचना, प्रविधिको विकाससंगै आम नागरिकहरुको दैनिकी बदलिएको छ। सूचना र प्रविधि वर्तमान समयको उत्कृष्ट र अत्यावश्यक औजार हो। यसलाई आत्मसाथ गर्दै सूचनाको खोजिमा दौडिएका, भौतारिएका, अलमल्ल परेका आम नागरिक, पाठक, स्रोत, दर्शकलाई एउटै प्लेटफर्म युगन्यूज मोवाइल एपबाट समाचार, मनोरञ्जन, शिक्षा, रोजगारीका विभिन्न अवसर, स्थानीय उद्यमशिलता र उत्पादनको डिजिटल मार्केटिङ गरी विश्वभर प्रचार प्रसार गर्ने योजना छ। सार्वजनिक खरिद प्रक्रियाको बोलपत्र, शिलबन्दी, आशयपत्र, प्रस्ताव आव्हान जस्ता सबै प्रकृतिका सूचनाहरु सःशुल्क र निःशुल्क उपलब्ध गराउँदै युगन्यूज डटकमलाई सूचनाको केन्द्र विन्दुको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। डिजिटल प्लेटफर्मलाई उपयोग गरी आधारभूत मुल्यमान्यता सहित पत्रकारिताको इतिहाँस जोगाउँदै आफ्ना समाचारजन्य उत्पादन, प्रकाशन सामाग्रीलाई थप व्यवस्थित, मर्यादित, जिम्मेवार र प्रभावकारी बनाउनु हाम्रो मुल्य लक्ष्य रहेको छ। अन्त्यमा, यस संस्थाको शिर उच्च राख्न अहोरात्र कार्यक्षेत्रमा खटिने सम्पूर्ण पत्रकार, कर्मचारीहरु, संस्थाको प्रगति, दिगोपना र सफलताका लागि माया गर्नुहुने सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता र शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**दीपककुमार बुढाक्षेत्री**
**प्रकाशक/सम्पादक**

# धमाधम अघि बढ्दै कर्णालीका गेमचेन्जर आयोजना

**ओम शाही**
**सुर्खेत, १ बैशाख।**

*कर्णाली प्रदेशभर संघ तथा प्रदेश सरकारहरूबाट बजेट व्यवस्थापन भएर कार्यान्वयन भइरहेका पाँच ठुला गेमचेन्जर परियोजना निर्माणको काम धमाधम भइरहेको छ। कर्णालीको समद्धिसँग जोडिएका सडक, विद्युत, सिंचाई तथा खेलकुदका पूर्वाधार निर्माणको कामले गति लिइरहेका छन्।*

*हामीले युगआह्वान दैनिकको २४ औं वार्षिकोत्सवको अवसरमा कर्णालीमा सञ्चालित राष्ट्रिय तथा प्रादेशिक गौरवका ठुला आयोजनाको पछिल्लो निर्माणको भौतिक प्रगति र यी आयोजनाले कर्णालीको समृद्धिमा पुऱ्याउन सक्ने योगदानका बारेमा संक्षिप्त परिचर्चा गरेका छौं।*



### राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन

राष्ट्रिय गौरवको भेरी-बबई बहुउद्देश्यीय आयोजनाले हालसम्म ६५ प्रतिशत भौतिक प्रगति हाँसिल गरेको छ। आर्थिक वर्ष २०७१/७२ बाट सुरु भएको आयोजना आगामी आर्थिक वर्ष २०८४/०८५ सम्म सम्पन्न गरिसक्नुपर्ने कार्यादेश रहेको आयोजनाले हालसम्म ६५ दशमलव ६९ प्रतिशत कार्य सम्पन्न गरेको छ।

कुल ३३ अर्ब १९ करोड ६६ लाख लागतमा निर्माण हुने यो आयोजनाले ५७ दशमलव ७८ प्रतिशत वित्तीय प्रगतिसमेत हाँसिल गरेको छ। यो बार्षिक लक्ष्यको तुलनामा चालु आर्थिक वर्षको माघ मसान्तसम्म ३३ दशमलव ३७ प्रतिशतले बढी हो। स्वीकृत गुरुयोजना बमोजिम कुल लागत ३३ अर्ब १९ करोड ६६ लाख विनियोजित बजेटमा हालसम्म १५ अर्ब ५० करोड ६ लाख खर्च भइसकेको छ।

बार्षिक बजेट एवं खर्चको अवस्था हेर्दा चालु आर्थिक बर्षमा विनियोजित कुल १ अर्ब ५९ करोड बजेटमध्ये माघ मसान्तसम्ममा ४९ करोड ७१ लाख खर्च भएको छ। नेपाल सरकारको स्रोतमा बहुउद्देश्यीय जल स्थानान्तरण आयोजनाको रूपमा कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको भेरी-बबई आयोजनाको पहिलो चरणको काममा १२ दशमलव २० किलोमिटर लामो टनेल निर्माणको काम सम्पन्न भइसकेको छ।

नेपालमै पहिलोपटक टनेल बोरिङ मेसिन (टीबीएम) प्रयोग गरी परीक्षण गर्ने र उक्त प्रविधिको सफल प्रयोगपश्चात् मात्र बाँध तथा पावर हाउस निर्माणका साथै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलको जडान एवं निर्माण कार्य गर्ने अवधारणा अनुरुप सुरुमा टनेल निर्माण कार्यका लागि १६ अर्ब ४३ करोड रुपैयाँ बराबरको अनुमानित लागत रहेको गुरुयोजना स्वीकृत भई कार्य अगाडि बढाइएको थियो।

पहिलो चरणको टनेल निर्माणको काम सम्पन्न भएपछि हाल दोस्रो चरणको बाँध तथा पावरहाउस निर्माणका साथै हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलको जडान एवं निर्माणलगायतका थप कामहरू धमाधम भइरहेको आयोजनाले जनाएको छ। त्यसका लागि ३६ अर्ब ८० करोड स्रोत सुनिश्चित गरिएको छ। जसमा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनातर्फ ३३ अर्ब १९ करोड ६६ लाख र भेरी कोरिडोर सिँचाइ विकास आयोजनातर्फ ३ अर्ब ६१ करोड ११ लाख बजेट रहेको छ।

आयोजनाअन्तर्गत सुर्खेतको भेरीगंगा नगरपालिका-११, चिप्लेस्थित भेरी नदीमा करिब १ सय २० मिटर लामो ब्यारेजसहित डिसिल्टिङ बेसिन र ४ दशमलव २० मिटर ब्यास भएको १२ दशमलव २ किलोमिटर लामो

बाँकी १६ पेजमा

## कोहलपुर-सुर्खेत १३२ केभीए प्रशारण लाइन

संघीय सरकारले निर्माण गर्न लागेको ठूलो आयोजनाको रूपमा कोहलपुर-सुर्खेत १३२ केभिए हाइटेन्सन विद्युत् प्रसारण लाइन विस्तारले पनि गति लिएको छ। आयोजनाले विद्युत् प्रसारण लाइन अन्तर्गत राष्ट्रिय निकुञ्जमा पर्ने छ हजार दुई सय ३६ रुख काट्ने अनुमति पाएसँगै निर्माणको बाटो खुलेको हो।

यद्यपी निकुञ्ज क्षेत्रमा रुख कटानको अनुमति नपाए पनि आयोजनाले सुर्खेत खण्ड र बाँकेको निकुञ्ज क्षेत्रभन्दा बाहिर झण्डै एक सय बढी टावर निर्माण गरी अधिकांश ठाउँहरुमा दोस्रो चरणका काम अन्तर्गत तार तान्ने काम सुरु गरिसकेको छ। अब बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने रुखहरु कटान गरेर टावर निर्माणको प्रक्रिया थालनी गरिने आयोजनाले जनाएको छ।

संघीय सरकारले १५ असार २०७९ मा बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने ६ हजार दुई सय ३६ रुख कटान अनुमति दिइएको थियो। लाइन विस्तार कार्यको सुरुआत २०७७ असारदेखि गरिएको थियो। आयोजनाको ७० प्रतिशत प्रगति हासिल भएको छ।

अझै ३० प्रतिशत काम गर्न बाँकी छ। विसं २०८० चैतमा आयोजनाको सम्झौता सकिँदैछ। ६ महिना म्याद थप गरेर आयोजनाको काम अघि बढाइने जनाइएको छ।'अझै ३० प्रतिशत काम बाँकी नै रहेकाले म्याद थप गरेर काम अघि बढाइने तयारी छ", आयोजना प्रमुख चौधरीले भने, "रुख कटान अनुमतिका कारण काममा ढिलाइ भएको हो, तर तीव्र गतिमा समयमै सम्पन्न हुने गरी काम गर्ने तयारी छ।' विद्युतको प्रसारण लाइन विस्तारका लागि भारतीय निर्माण कम्पनी आरएस इन्फ्राप्रोजेक्ट प्रा.लि.ले ठेक्का लिएको छ। ७० करोडमा ठेक्का पाएको आयोजना कार्यालयले जनाएको छ।

हालसम्म आयोजनाले एक सय पाँच फाउन्डेसन निर्माण गरेको छ। बाँकी दशवटा फाउन्डेसन निर्माण भइरहेका छन्। यस्तै, २२ किलोमिटर तार तान्ने काम सकिएको छ। सुर्खेतको सुब्बाकुनामा सब-स्टेसन निर्माणको काम अन्तिम चरणमा पुगेको छ। आयोजनाको प्रसारण लाइन विस्तार क्षेत्रमा रहेका रुख कटान अनुमति पाए पनि जग्गा विवाद भने कायमै रहेको छ। सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ सुब्बाकुना र बाँकेको बैजनाथमा जग्गा विवाद समाधानका लागि सरोकारवालासँग छलफल जारी रहेको छ।

विद्युत् लाइन विस्तार गर्दा वीरेन्द्रनगरको सुब्बाकुना र बाँकेको बैजनाथस्थित बस्ती प्रभावित हुने भएपछि त्यहाँका नागरिकले अवरोध गरेका छन्। विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार बैजनाथ गाउँपालिका-१ गाभर र वडा नं ४ को बानियाँभार हुँदै लाइन विस्तार गर्नुपर्नेछ।

## यस भित्र...


| | | |
|---|---|---|
| रंगमञ्चका उस्ताद : ***प्रेमदेव गिरी*** | - ओम शाही | पृष्ठ २ |
| कर्णालीलाई किन आवश्यक छ संघीयता ? | - लक्ष्मीप्रसाद पौडेल | पृष्ठ २ |
| सडक मानवमुक्त प्रदेश घोषणाको चार वर्ष | - हिक्मतबहादुर नेपाली | पृष्ठ ३ |
| कर्णालीको उर्जामा लगानी | - रमेश रावल | पृष्ठ ४ |
| आरन पेसाले फेरिएको जीवनी | - कल्पना ढेङ्गा मगर | पृष्ठ ४ |
| कर्णालीमा स्वास्थ्य सेवा प्रवाह | - नन्दराम जैसी | पृष्ठ ५ |
| अधुरै खानेपानी आयोजना चर्चा बढी, काम न्यून | - नन्दराम जैसी | पृष्ठ ६ |
| कर्णाली विकासको मेरुदण्ड 'कर्णाली राजमार्ग' | - हिक्मतबहादुर नेपाली | पृष्ठ ७ |
| दशकदेखि कम्पनीको झोलामा तिला नदी | - रमेश रावल | पृष्ठ ७ |
| प्रदेश रंगशालाको ७० प्रतिशत काम सम्पन्न | - ओम शाही | पृष्ठ ८ |
| मेडिकल शिक्षाको हव बन्दै कर्णाली स्वास्थ्य विज्ञमा प्रतिष्ठान | - नन्दराम जैसी | पृष्ठ ९ |
| गाउँमै सिंहदरबार पुगेको अनुभूती गराउँदै रास्कोट | - रमेश रावल | पृष्ठ १० |
| कर्णाली समृद्धिको कोशेढुङ्गा जगदुल्ला हाइड्रो | - ओम शाही | पृष्ठ १२ |
| धमाधम अगाडि बढ्दै फुकोट कर्णाली | - रमेश रावल | पृष्ठ १३ |
| पेट्रोलियम अन्वेषण धमाधम | - हिक्मतबहादुर नेपाली | पृष्ठ १४ |



नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

हाम्रा कुरा मुख्यमन्त्री
हटलाईन सेवा १०९६
यो नम्बरमा फोन गर्दा कुनै शुल्क लाग्दैन

कर्णाली प्रदेशको विकास, समृद्धि, सुशासनका लागि नागरिकको सहयोग र सहभागिता अपरिहार्य हुन्छ। सेवा प्रवाह र विकास निर्माणका काममा यहाँको सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरिएको छ। कर्णाली प्रदेशभित्र कुनै गुनासो, सिकायत वा उजुरी भएमा कार्यालयको हटलाईन सेवाको **टेलिफोन नम्बर १०९६** मा सम्पर्क गर्नुहुन अनुरोध छ।

कर्णाली प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत

hellocm.karnali.gov.np
HelloCmKarnali
HelloCmKarnali
hamrakurakarnali@gmail.com
+977-9858072533




# रंगमञ्चका उस्ताद

**वर्ष व्यक्ति**

**२०८०**

**संक्षिप्त परिचय**

नाम : प्रेमदेव गिरी
ठेगाना : वीरेन्द्रनगर-३, सुर्खेत
जन्म मिति : वि.सं. २०१० माघ १०
बुवाको नाम : हरिलाल गिरी
आमा : लिला गिरी
कला क्षेत्रमा प्रवेश : वि.सं. २०२५




सुर्खेती रंगमञ्चका उस्ताद हुन् प्रमदेव गिरी । ख्याउटे शरीर, फुलेका सेताम्मे दाह्री-जुँगा, लामा-लामा कपालका जटा । सरर्र हेर्दा उनी बेपर्वाह, वैरागी, अल्छीजस्तो देखिन्छन् अर्थात् 'ब्रान्डेड' कपडामा सजिने र चिटिक्क परिहिँड्ने स्वभाव उनमा छैन ।

'मेरो सम्पत्ति भनेकै यही लुक्स त हो नि !' सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-२ निवासी पाका संस्कृतिकर्मी प्रेमदेव गिरी भन्छन्, ' कथाले मागिरहन्छ। काट्नै पाउँदिन। कपाल नकाटेको झण्डै १२ वर्षै पुग्यो ।' मादल समाइरहेको दुब्लो, फुर्तिलो, दाह्रीवाल टोपीधारी प्रेमदेव नै ख्यातिप्राप्त कलासाधक प्रेमदेव गिरीको 'सिग्नेचर स्टाइल' हो, जो टाढैबाट चिनिन्छ ।

संघीय राजधानी काठमाडौं वा अन्य प्रदेशबाट कलाकारहरू सुर्खेत आउँदा प्रेमदेवको नाम पनि सम्झेर आउँछन्, निवासमै पुगेर उनका अनुभव, ज्ञानगुनका कुरा सुनेर फर्किन्छन् । विक्रम संवत् २०१० माघ १० गते जन्मिएका प्रेमदेव बुवाआमाका जेठा सन्तान हुन् । रंगमञ्चको नशाले एसएलसी परीक्षा छाडेका उनी एकपछि अर्को सफलता पाए । अग्रजहरूले कटकुवा र सुर्खेत उपत्यकामा देखाएका नाटकबाट उनी प्रभावित भइसकेका थिए । उनी मादल वादनमा आकर्षित हुनुको कारण छ - जेठी आमाबाट १ दाइ जन्मेका थिए, आमा बितेपछि दाई पनि बिते । प्रेमदेवका बुवा हरिलालले अर्को बिहे गरे । अब जन्मिने सन्तान बाँचोस् भनेर हरिलालले वादी समुदायसँग मित लगाए । प्रेमदेव जन्मिए । बादी मितबाले उनी ७-८ वर्षको छँदा मादल उपहार पाएका थिए । त्यही मादल खेलाउँदा-खेलाउँदै कुशल वादक कहलिए ।

सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) ले बर्सेनि आफ्नो स्थापना दिवस मनाउँथ्यो । २०२८ सालमा एसएलसी नदिएर उनी सांस्कृतिक टोलीको नेतृत्व गरेर काठमाडौं जाने तयारीमा थिए । राजा महेन्द्रको निधन हुँदा नाचघरको कार्यक्रम स्थगित भयो । २०२९ फागुन ७ गते सांस्कृतिक संस्थानले आयोजना गरेको अञ्चल स्तरीय लोकनृत्य प्रतियोगितामा भेरी अञ्चलको नेतृत्व गर्दै उनले भाग लिए । त्यस अधि जिल्ला-जिल्लामा प्रतियोगिता गरेर अञ्चलका लागि छानिनुपर्थ्यो । प्रतियोगितामा 'यानीमाया लेबरै' भाकामा झ्याउरे नृत्य थियो । प्रेमदेव नेतृत्वको सुर्खेती टोली पहिलो भयो । पुरस्कार स्वरूप टोलीले स्वर्णपदक पायो । उनको सफलताको सिँढी पनि यहीँबाट शुरू भयो । हुन त स्कूल पढ्दाताका उनी नाटक, नृत्यमा कहिल्यै दोस्रो भएनन् । २०२९ सालमै रेडियो नेपालले देशव्यापी लोकगीत प्रतियोगिता आयोजना गर्‍यो । प्रतियोगितामा पनि भाग लिए । सुर्खेतकै भीमबहादुर कार्कीले गाए, उनले मादल बजाए । प्रतियोगितामा सुर्खेतको टोली पहिलो भयो ।

एकै वर्ष भएका २ ठूला प्रतिस्पर्धामा सबैलाई उछिनेपछि प्रेमदेव सांस्कृतिक संस्थानको रोजाइमा परे । प्रतियोगितामा भाग लिन त्यस बेलाको कठिन यात्रा पार गरेर काठमाडौं पुगेका उनीसहित ३ जनाले राष्ट्रिय नाचघरमा करार सेवा शुरू गरे । जतिबेला उनी १९ वर्षका थिए । वाद्य वादकका रूपमा उनी र नृत्यकारतर्फ सुर्खेतकै टेकराज भारती र गोपाल बस्नेतले करार सेवाअन्तर्गत जागिर पाए । उनीहरू त्यतै बसे । बाँकी ३ जना फर्किए । त्यो बेला वाद्य वादकका रूपमा गिरीको मासिक तलब २०० र नृत्यकारको ३०० रुपैयाँ थियो । टेकराज २०३४ र गोपाल २०३७ सालमा सुर्खेत फर्किए । उनी २०४१ सालमा सुर्खेत फर्किए ।

सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) मा काम गर्दा उनले नारायण गोपालसँग संगत गर्न पाए । नारायण गोपाल पनि करार सेवामा काम गर्दै नाचघरको महाप्रबन्धकसम्म भए । प्रेमदेवको नारायण गोपालसँग २०२७ सालदेखि चिनजान हो ।

२०२९ सालदेखि नाचघरमा सँगै काम गर्ने मौका पाए । नाचघरमा हुने हरेक सांस्कृतिक कार्यक्रममा उनलै मादल बजाउँथे । नारायण गोपालसँगै सोभियत संघ, युरोप, हङकङ र भारतका विभिन्न शहर घुमे । 'यो गिरी भाइले मादल राम्रो बजाउँछ' भन्दै नारायण गोपाल हरेकपटक हौसला दिइरहन्थे । नारायण गोपालको 'मुनामदन' गीतिनाटकमा उनले मादल वादकको रूपमा काम गरेका थिए । 'कान्छी' चलचित्रको गीतमा नारायण गोपालले गाउँदा प्रेमदेवले मादल बजाएका थिए । 'कान्छी' भारतको कोलकत्तामा छायांकन भएको चलचित्र हो । नारायणगोपालप्रतिको उनको स्मृति यस्तो छ, 'धेरै नबोल्ने, मूड आयो भने आफैं हाँसोठट्टा गर्ने, अलि अन्तर्मुखी स्वभाव थियो । बिहानै उठ्ने बानी थियो । सोभियत संघको ३ हप्ताको यात्रामा म नारायण दाइसँगै मर्निङ वाकमा निस्केको थिएँ ।'

२०४७ सालमा सुर्खेतबाट सांस्कृतिक टोली लिएर काठमाडौं गएका बेला कलाकार भुवन चन्दसँग प्रेमदेवको भेट भयो । 'भुवन दिदीले 'नारायण गोपालको अवस्था अन्तिम छ, वीर अस्पतालमा गएर भेट्नुहोला' भन्नुभो । अस्पतालको आईसीयूमा टाढैबाट देख्न पाएँ, त्यतिबेला उहाँको शारीरिक अवस्था शिथिल भइसकेको थियो । मैले भेटेको २-३ दिनपछि उहाँ बित्नुभएको खबर पाएँ । मंसिर १९ गते नारायण गोपाल ब्रह्मलिन हुनुभयो,' उनले सम्झिए ।

नारायण गोपालको स्मृति दिवस नजिकिँदा प्रेमदेव विगतका स्मृतिले झन् मर्माहत हुन्छन् । प्रेमदेवले २०४१ सालसम्म राष्ट्रिय नाचघरमा जागिर खाए र जमल वरिपरि निकै जमेर रंगीन साँझ कटाए । मासिक २०० रुपैयाँबाट शुरू भएको उनको तलब बाहिरिँदा ९५० रुपैयाँसम्म पुगेको थियो । नाचघरमा छँदा दर्जनौं नाटक र गीति नाटकमा वाद्यवादकका रूपमा उनले काम गरे । मुकुन्द इन्दिरा अमरसिंह (बालकृष्ण सम), मसान (गोपालप्रसाद रिमाल) हरिशचन्द्र, अन्धवेग, हास्दै जल्नुपर्छ, बादलले छोपेको घाम, हाम्रो पनि कथा छ, यमपुरीमा जिउँदो मान्छे लगायतका नाटकमा अभिनय गरे । कतै बटुवाको भूमिकामा देखा परे त कतै सैनिकका रूपमा, कतै सारंगी रेट्ने गन्धर्वदेखि घरेलु कतै नोकरसम्मको भूमिका निर्वाह गरे ।

टेलिसिरियल 'सनै रोइरहेछ ...' र चलचित्र 'बन्धकी' मा नायिकाका बुवाको अभिनय गरे । त्यतिबेलै हो श्यामदास वैष्णव, हरिप्रसाद रिमाल, प्रचण्ड मल्ल, जितेन्द्र महत अभिलाषी, गोविन्दप्रसाद तिमिल्सेना, गोपीकृष्ण अर्याल, झलकमान गन्धर्व, गणेश रसिक, गोपाल योन्जन, गंगा राणा, नविनकिशोर राई, कुमार बस्नेत, भैरवबहादुर थापा, सुभद्रा अधिकारी, तारादेवी, अम्बिकादेवी रिमाल, रामशरण दर्नालजस्ता अग्रज स्रष्टासँग संगत भयो । उनीहरूकै प्रत्यक्ष निर्देशनमा नाटक खेले । ३० देखि ४० को दशकसम्म सयौं रेडियो नाटकमा पनि खेले । निर्देशकले औंधी रुचाउने हुँदा त्यतिबेला उनले नखेलेका नाटक सायदै बाँकी होलान् । लोकबाजा त्यसमा पनि मूल रूपमा उनी मादल वादक हुन् । जसरी बासुरी वादनमा प्रेम औतारीको नाम आउँछ, त्यसरी मादल वादनमा सबैले प्रेमदेव गिरीकै नाम लिन्छन् तर उनी वाद्यवादक मात्र कहाँ हुन् र ? उनी त लोकगीत संकलक, संगीतकार र अभिनेता पनि हुन् । उनले बन्धकी, गोर्खा पल्टन, बाटुली, परदेशी-२ एकादेशको कथा, घामड सेरेजस्ता दर्जनौं चलचित्रमा कुशल अभिनय गरेका छन् । प्रेमदेवले सयौं लोकगीत संकलन गरेर रेकर्ड गरेका छन् । 'सरर्र मलेवा ... घुम्छ बादलमुनि मायालै, छ्याम्म-छ्याम्म कट्टीका उकालो लाग्या परालका बिटा, सुर्खेतमै सालिना बुलबुले ताल, जाम माया बुलबुले २०४० सालको दशकसम्म उनले संकलन गरेका केही चर्चित गीत हुन् यी । ताप्लेजुङकी कविता आले, भोजपुरका गणेश रसिक, हिरण्य भोजपुरे, काठमाडौंका कुमार बस्नेत, पोखराकी ज्ञानु राणा, लुम्बिनीका नारायण रायमाझी, दाङका खड्ग बुढा, चन्द्रकला शाहदेखि कञ्चनपुरका भुवन विरहीसम्मलाई आफूले संकलन गरेका गीतमा स्वरांकन गराए प्रेमदेवले ।

> मादल बजाउने र नाच्ने वा विद्यार्थीहरूलाई सारेगम वा नाद ताल सिकाउनमा मात्र प्रेमदेव गिरी सीमित भएनन् । उनलाई लागेको थियो, तत्कालीन सुदूर र मध्यपश्चिमको सुन्दर केन्द्र सुर्खेत उपत्यकामा स्थायी महत्वको केही काम गर्न पाए हुन्थ्यो ।

पूर्वको मेचीदेखि पश्चिम महाकालीसम्मका श्रष्टामार्फत तत्कालीन मध्यपश्चिम क्षेत्रको लोकलय, लोकभाकालाई देशव्यापी बनाए । उनले संकलन गरेका गीतहरू स्वर्गीय लोकबहादुर क्षेत्री, प्रवीण गुरुङ, सुन्दर श्रेष्ठ, मधु क्षेत्री, नारायण रायमाझी, भुवन चन्द, सावित्री शाह, तारा थापा, सपना परियारका स्वरमा सुन्न सकिन्छ । उनले संकलन गरेका १०० हाराहारीको संख्याका सबै गीत अहिले रेडियो नेपालको स्टुडियोको अभिलेखालयमा सुरक्षित छन् । रेडियो नेपालबाट बेलाबखत गुन्जिनेमा पर्छन् ती गीतहरू ।

प्रेमदेव गिरी यस्ता कलाकार हुन्, जसले देउडा, ख्याली, झ्याउरे, सिंगारु, सोरठीजस्ता मध्यपश्चिमका लोकभाका देशव्यापी गराए । कट्टीका उकाला लाग्या छ्याम्म छ्याम्प बोलको गीत गणेश रसिक, हिरण्य भोजपुरे

बाँकी ३ पेजमा

# कर्णालीलाई किन आवश्यक छ संघीयता ?



लक्ष्मीप्रसाद पौडेल

नेपालको संविधान २०७२ को कार्यान्वयनसंगै नेपाल हाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन रहेको मुलुकको रुपमा रहेको छ । जसअन्तर्गत संघीय सरकार, ७ वटा प्रादेशिक र ७५३ वटा स्थानीय सरकार सञ्चालन भइहेका छन् । संविधानले प्रदान गरेका एकल र साझा अधिकारहरुको कार्यान्वयनका लागि ती तीन तहका सरकारहरुले विभिन्न कानून निर्माण तथा कार्यक्रम तथा योजना निर्माण गर्दै आइरहेका छन् ।

संविधानको अनूसुचिमा प्रदान गरिएका अधिकार हरुको सूची विश्लेषण गर्दा स्थानीय तह सेवाप्रवाहसँग सबैभन्दा बढी जिम्मेवार देखिन्छ। प्रदेश तहलाई भने प्रदेशको विकासनिर्माण र केही सेवाप्रवाहसहित स्थानीय तह र संघीय सरकारविच समन्वय गर्ने तथा प्रादेशिक तहका योजना तथा कार्यक्रम संचालन गर्ने अधिकार रहेको देखिन्छ। संघीय सरकारसँग पनि केही सेवाप्रवाहसहित मुलुकको समविकासका लागि योजना तथा कार्यक्रम सञ्चालन गर्ने तथा संघीयता कार्यान्वयनका लागि विशेषगरी स्थानीय र प्रदेश तहसँग रहेका साझा अधिकारका सन्दर्भका लागि नीतिनिर्माणहरु गर्नुपर्ने देखिन्छ। संविधान निर्माणपश्चात तिब्र आकांक्षाका कारण पछिल्लो समय संघीयता कार्यान्वयनमाथी प्रश्न पनि उठिरहेका छन् । यसको मुल कारणको रुपमा नागरिकहरुमा रहेको तिब्र आकांक्षालाई लिन सकिन्छ । दोस्रो कारण हामी सबैको (हामी सबै भन्नाले जिम्मेवार निकाय र जिम्मेवार पदमा रहने व्यक्ति र हामी नागरिक पनि) केन्द्रीकृत मानिसकतालाई व्यवाहारमा उतार्दाको परिणाम हो । संघीय सरकारले संघीयता कार्यान्वयनका लागि आवश्यक ४० वटा भन्दा बढी कानून निर्माणमा ढिलाई भएकोले पनि प्रदेश तथा स्थानीय तहलाई साझा अधिकार कार्यान्वयनका लागि नीति निर्माण गर्न ढिलाई भएको छ । तेस्रो कुरा हामी जे पनि छिटो चाहिरहेका छौँ । एउटा व्यवस्थामा बानी परेका हामी सबै एक्कासी नयाँ व्यवस्था कार्यान्वयनमा जाँदा त्यसको प्रतिफलको आशा छोटो समयमै गरिरहेका छौँ । २०७४ सालको स्थानीय र प्रदेश निर्वाचनपश्चात् संघीयताको कार्यान्वयन सुरु भएको थियो । भर्खरै छ वर्ष पुगेको छ । यस व्यवस्थाको परिपक्कता मापन गर्ने समय अँझै आइपुगेको छैन । यस आलेखमा कर्णालीका लागि संघीयता किन आवश्यक छ भन्ने विषयमा केही चर्चा गरौँ ।

नेपालको कूल क्षेत्रफलको २१.६ प्रतिशत क्षेत्रफल ओगटेको कर्णाली प्रदेशको जनसंख्या भने ५.८ प्रतिशत रहेको छ । विकासका सबैजसो सूचकांकहरुमा कर्णाली प्रदेश पछाडी रहेको छ । यस्तो अवस्थामा मुलुकको समविकासका लागि पनि संघीयतालाई यसको विशेषताहरुले कर्णाली प्रदेशलाई विकासको नयाँ आयाममा पुर्याउनका लागि र पहुँचमा पुर्याउनका लागि सहयोग गर्दछ । किनभने मुलुकको समृद्धीका लागि पनि सबैभन्दा पछाडी रहेको क्षेत्रको विकास र समृद्धी आवश्यक हुन्छ । विकासका सूचकांकहरुमा पछाडी रहेको क्षेत्रलाई अगाडी लैजानका लागि पहलहरु आवश्यक हुन्छन् ।

संघीयताले कर्णालीलाई दिएको पहिलो अवसर भनेको स्थानीय परिवेशअनुकुलका नीति निर्माण गर्ने कुरा हो । कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहहरुले त्यहाँको स्थानीय परिवेशअनुकुल नीतिनिर्माण गरिरहेका छन् । प्रदेश तहले प्रदेशभित्रको नीतिनिर्माण गरिरहेको छ। यहाँको परिवेशको नीतिनिर्माण यहाँकै नागरिक र जनताका प्रतिनिधिहरुले गरिरहेका छन् । यहाँको परिवेश अध्ययन गरी सोहिअनुकुल नीतिनिर्माण भएमा त्यसको कार्यान्वयनमा पनि दिर्घकालिन रुपमा सहजता हुनसक्छ। कर्णाली प्रदेश सभाले पहिलो कार्यकालमा नै ५३ वटा कानून निर्माण गरेको छ । अन्य प्रदेशको तुलनामा यो कार्यसम्पादन राम्रै हो । बाँकी कानूनहरु दोस्रो कार्यकालले निर्माण गर्नेछ नै । प्रदेश सभाले यहाँको परिवेश अध्ययन गरि सुहाँउदो नीतिनिर्माणको अवसर पाएको छ ।

दोस्रो महत्वपुर्ण कुरा कर्णालीका लागि संघीयताले सेवाप्रवाहमा पहुँच ल्याइदिएको छ । स्थानीय तहहरुमार्फत अधिकांश सार्वजनिक सेवाहरु नागरिकहरुले लिइरहेका छन् । विगतमा जिल्लास्तरका कार्यालयहरुबाट हुने सेवाहरु स्थानीय तह तथा वडास्तरबाट समेत प्रवाह भइरहेका छन् । नागरिकहरुका लागि सार्वजनिक सेवाप्रवाहको सहजता एउटा महत्वपुर्ण कुरा हो । अर्को कुरा शासनमा पहुँचको कुरा हो। नेपालको संविधान २०७२ को कार्यान्वयनसँगै आम नागरिकहरुको शासनमा पहुँच वृद्धी भएको छ । समावेशीताका कारण सबै समुदायको सरकारी तथा राजनीतिक दलहरुमा समावेशी प्रतिनिधित्व भएको छ । सबै समुदायको आवाज नीतिनिर्माण गर्ने ठाउँसम्म पुगेको छ । स्थानीय तहको वडा, पालिकास्तर, प्रदेश सभा र संघीय संसदमा समेत महिला तथा सिमान्तकृत समुदायको सहभागिताको अवसर सिर्जना भएको छ । राजनीतिक दलहरुको नेतृत्वमा समेत नयाँ संरचनाअनुसार समावेशी र सहभागितामुलक प्रतिनिधित्वको अवसर सिर्जना भएको छ। जुन समुदाय पछाडी परेको छ, उक्त समुदायको पहुँच निर्णय गर्ने र नीतिनिर्माण गर्ने तहसम्म पुग्दा ती समुदायका आवाजहरुलाई समावेश गर्न सहज पक्कै हुन्छ नै।

> संघीयताका चुनौतीहरुलाइ अधिकतम समाधानका उपाय खोजी दिर्घकालिन प्रभाव अध्ययन र तुलनात्मक लाभ हेरी काम गर्न आवश्यक देखिन्छ ।

तेश्रो स्रोत-साधनमा पहुँचको कुरा पनि संघीयतापछिको कर्णालीको लागि ठूलो अवसर हो। यसमा पनि सरकारी र गैरसरकारी स्रोतको कुरा छ। सरकारी स्रोतको प्रदेश तथा स्थानीय तहमा पहुँचको कुरा त भइहाल्यो नै। त्यसले कर्णाली प्रदेशको विकासका लागि धेरै नै महत्वपुर्ण योगदान गर्नसक्छ। प्रदेशले प्रदेशस्तरका महत्वपुर्ण कार्यक्रमहरुमा र स्थानीय तहहरुले स्थानीय तहस्तरका महत्वपुर्ण विकासका कार्यक्रममा लगानी गर्ने अवसर छ। त्यसैगरी संघीयता पश्चात कर्णालीमा सडक, विद्युत टेलिफोन तथा इन्टरनेट लगायतका विकासका पूर्वाधारको तिब्र विकास पनि एउटा महत्वपुर्ण आयाम हो । आर्थिक सर्वेक्षण २०७८/७९ को तथ्यांकअनुसार समग्र नेपालको आर्थिक वृद्धीदर २.१६ रहँदा कर्णाली प्रदेशको आर्थिक वृद्धीदर २.२ रहेको थियो । सरकारी स्रोत साधनको अलवा मुलुकको सन्तुलित र समविकासका लागि गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरुको स्रोतमा कर्णालीलाई संघीयताका कारण सहज पहुँच दिलाइदिएको छ । गैरसरकारी क्षेत्रहरु र विकास साझेदारहरु समेत स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वय गरेर काम गर्न सुरु गरेका छन् । विगतमा काठमाण्डौंमा केन्द्रीत विकास साझेदारहरुका कार्यालय र कार्यक्षेत्रहरु क्रमश विस्तार हुँदै गएका छन् । यसर्थ पनि स्रोत र विकासका सहज पहुँच कर्णालीलाई संघीयताले दिलाएको देखिन्छ।

यहाँको भौगोलिक विविधता र सोअनुकुलका नीति तथा कार्यक्रम निर्माणका लागि कर्णाली प्रदेश र स्थानीय तहले काम गर्न सक्छन्। यहाँको क्षेत्रीय विकास प्रवर्द्धन गर्ने अवसरको रुपमा पनि संघीयता रहेको छ। सङ्घीयतामार्फत कर्णाली प्रदेश सरकारलाई यहाँका विकाससँग सम्बन्धित चुनौतीहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने अवसर समेत रहेको छ । कर्णाली प्रदेश सरकारले अब विकटता र दुर्गम क्षेत्रलाई जोड्न र आर्थिक गतिविधि बढाउन सडक निर्माण लगायतका पूर्वाधार विकासलाई प्राथमिकता दिन सक्छ। यसबाहेक, प्रदेश सरकारले समावेशीकरणलाई प्रवर्द्धन गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

प्रदेश सरकारले प्रदेशमा निजी क्षेत्रको लगानी वृद्धी गर्नका लागि र सहज व्यवसायिक वातावरण निर्माणका लागि काम गर्न सक्छ । जसले गर्दा यहाँका स्रोतसाधनको समुचित प्रयोग भइ नीजि क्षेत्रको लगानी समेत वृद्धी हुनसक्छ । उद्यमशीलता र नीजि क्षेत्रको लगानी बढेमा प्रदेशले कुल ग्राहस्थ उत्पादनमा थप योगदान गर्नेदेखि रोजगारी सिर्जना र यहाँको आर्थिक क्रियाकलापको वृद्धीमा योगदान गर्न सक्छ । यसबाहेक यस्ता धेरै क्षेत्रहरु छन् जसमा प्रदेशले यहाँको परिवेशअनुकुल नीतिनिर्माण गरेर यहाँको विकासका लागि फाइदा लिनसक्छ ।

केहि दिनअघि संघीय सरकारको कानूनमन्त्रीले भनेको कुरालाई आधार मान्ने हो भने संविधान कार्यान्वयनका लागि १८२ वटा कानुन बनाउन अझै बाँकी रहेका छन् । यद्यपी केही समयअघि राष्ट्रियसभाको एक समितिले गरेको अध्ययनअनुसार संघीयता कार्यान्वयनका लागि ४० वटा महत्वपुर्ण कानुन बनाउनुपर्ने सुझाव दिएको थियो । संघीयता कार्यान्वयनका लागि आवश्यक कानून निर्माणमा ढिलाइ लगायतका चुनौतिहरुका विच पनि कर्णालीका लागि संघीयता एउटा महत्वपुर्ण अवसर हो ।

यहाँको पहुँचका लागि अवसर हो । संघीयताका चुनौतीहरुलाइ अधिकतम समाधानका उपाय खोजी दिर्घकालिन प्रभाव अध्ययन र तुलनात्मक लाभ हेरी काम गर्न आवश्यक देखिन्छ । प्रदेश र स्थानीय तहहरुले प्रभावकारी समन्वय गरेर काम गर्नसक्ने अवसरहरु थुप्रै छन् । सबैभन्दा महत्वपुर्ण कुरा प्रदेश तथा स्थानीय तहहरुले संविधानले प्रदान गरेका अधिकाहरुको अधिकतम र प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ । ती कानूनहरुको समय र परिवेशअनूकुल आवश्यकताअनुसार संशोधन र परिमार्जन गर्नसक्ने अधिकार पनि प्रदेश तथा स्थानीय तहहरुमा रहेको छ । राजनीतिक अस्थिरता लगायतका चुनौतिहरुलाई चिर्नका लागि भने संस्थागत सम्बन्धका आधारमा विधिअनुसार सरकारी निकाय चल्ने पद्धती बसाल्न आवश्यक देखिन्छ ।

निष्कर्षमा संघीयताले कर्णाली प्रदेशलाइ विकासमा पहुँच दिलाएको छ। कर्णालीका सिमान्तकृत समुदायहरुको शासनमा पहुँच भएको छ। सरकारी र गैरसरकारी स्रोत साधनका साथै यहाँको विकासका लागि कर्णालीका लागि पहुँच र अवसर संघीयताको उपजको रुपमा लिन सकिन्छ। यसका सिमाहरुको अधिकतम समाधान खोजि प्रभावकारी कार्यान्वयनमा लैजान सके कर्णालीको समृद्धी र तिब्र विकासमा योगदान हुन सक्छ ।

*(लेखक : कर्णाली प्रदेशमा सार्वजनिक नीतिको क्षेत्रमा कार्यरत थिंकट्यांक ऋति फाउन्डेसनमा आवद्ध छन् ।)*

# सडक मानवमुक्त प्रदेश घोषणाको चार वर्ष

**◣युग संवाददाता**
**सुर्खेत, १ बैशाख।**

कर्णाली प्रदेशलाई सडक मानवमुक्त घोषणा गरेको चार वर्ष बित्यो । कर्णालीलाई ४ माघ २०७६ मा सडक मानवमुक्त घोषणा गरिएको थियो । कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयको नेतृत्वमा सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश घोषणा भएको हो । देशकै पहिलो सहयोगापेक्षी मानव मुक्त प्रदेश बनेको कर्णालीले सहयोगापेक्षीका लागि पर्याप्त बजेट व्यवस्थापन, भौतिक संरचना निर्माण लगाएतका कामहरु भने पुरा गर्न सकेको छैन् ।

कर्णालीलाई सडक मानवमुक्त प्रदेश बनाउन आवाश्यक भौतिक संरचना निर्माण तथा व्यवस्थापनका प्रदेश सरकारले ध्यान दिन सकेको छैन् । तत्कालिन मुख्यमन्त्री मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सडकमा बसेर माग्ने व्यक्तिको उद्धार तथा संरक्षणका लागि प्रदेशका १० वटै जिल्लामा मानवसेवा आश्रमको भवन निर्माण गरिने सार्वजनिक कार्यक्रममै घोषणा गरेका थिए । उक्त घोषणा घोषणामै सिमित हुन पुगेको छ ।

आश्रमका युवा परिवार संयोजक महेन्द्रकुमार थापाले प्रदेश सरकारले आश्रमलाई प्राथमिकतामा राखेर बजेट व्यवस्थापन गर्नुपर्ने बताउँछन् । ‘कर्णालीलाई सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश घोषणा भईसकेको अवस्था छ, स्रोत र साधनको अभावमा पनि मानव सेवा आश्रमले जेनतेन सेवा दिईरहेको छ, प्रदेश सरकारले मानवसेवाको क्षेत्रमा पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।’

घोषणा भए अनुसार प्रदेशमा रहेका बेसहारा, असहाय, अशक्त र अभिभावकविहीनलाई उद्धार गरेर मानवसेवा आश्रममा ल्याउने गरिएको छ । तर, बेसाहारालाई साहारा दिँदै आएको प्रदेश राजधानीस्थित मानवसेवा आश्रम चलाउन स्रोत अभाव हुँदै आएको छ । आश्रममा आश्रितलाई गुणस्तरिय सेवा प्रवाह गर्न एक जना बराबर मासिक औषत १५ हजार रुपैयाँ आवश्यक पर्छ । तर,सोहि अनुपातमाहाल उपलब्ध सहयोग आवश्यकताको आधारमा धेरै कम रहेको संयोजक गौतमले बताइन् । ‘एकातिर स्रोतको अभाव र अर्कोतिर सेवालाई गुणस्तरीय बनाउन चिन्तन गर्नुपर्ने समय दाता खोज्न र खुशी पार्नमा खर्चिनुपर्ने बाध्यात्मक अवस्थाले सेवा गुणस्तर चाहे जस्तो बनाउन सकिएको छैन,’ गौतमले भनिन् । उद्धार, उपचार, पारिवारीक पुर्नमिलन र अत्यावश्यक सामाग्रीहरु ओसार पसार गर्न उद्धार तथा सेवाका लागी एक मात्र साधन हुँदा अपेक्षित लक्षित वर्गले समयमै सेवा प्राप्त गर्न सकेका छैनन् । हाल ४० देखि ४५ जनाको क्षमता भएको घरबाट ९० जनालाई सेवा दिनुपर्दा सेवामा गुणस्तरियता कायम गर्न नसकिएको गौतमले बताइन् ।



सहयोगापेक्षी सडक आश्रित बेशाहारा मानव भन्दा पनि माग्नेलाई पेशा बनाएर स्वच्छन्द जीवन जीउने व्यक्तिहरु सडकमा हुँदा वास्तविक सहयोगापेक्षीको पहिचानमा समस्या हुने गरेको आश्रमले जनाएको छ । २०७६ माघ ४ मा सहयोगापेक्षी सडकआश्रीत मानवमुक्त कर्णाली प्रदेश घोषणा भईसकेको छ । घोषणा भएको चार वर्ष बितिसक्दापनि हालसम्म प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन् । आश्रमले सहयोगापेक्षी सडकआश्रीत मानवमुक्त कर्णाली प्रदेश घोषणाको पूर्ण रुपले कार्यान्वउन गर्न प्रदेश र स्थानीय सरकारको सहयोगीको रुपमा सेवा गर्ने योजना लिएको छ। हाल भाडामा सञ्चालन भईरहेको आश्रमको जग्गा प्राप्त गरि भवन निर्माण कार्य यसैवर्षभित्र सुरु गरिने योजना अघि सारेको छ ।

**बेसाहारालाई मानवसेवाको सहारा**

दैलेखको आठबीस नगरपालिका-१ की ढुन्की खनाल ठाटीकाँध गाउँपालिकाको अँधेरी खोला जंगलको ओडारमा बस्दै आएकी थिइन् । उनी ओडारमा बस्दै आएको खबर मानवसेवा आश्रममा पुग्यो । त्यसपछि मानवसेवा आश्रमका स्वंयमसेवक पुगेर उद्धार गरे । २२ वर्षदेखि मानसिक रोगको सिकार उनलाई उद्धार गरि आश्रममा ल्याईएको थियो । उनलाई आश्रममा राखेर रेखदेख र उपचार भईरहेको छ । खनालजस्तै जाजरकोटको बारेकोट गाउँपालिकाका १७ वर्षीय भीमराज रावत पशुसरह खोरमा थुनिएका थिए । मानसिक समस्याका कारण ६ वर्षदेखि खोरमा थुनिएका भीमराजको गाउँपालिका लगाएतको पहलमा उद्धार भयो । उनलाई प्रदेश राजधानी वीरेन्द्रनगरस्थित मानवसेवा आश्रममा ल्याएर आश्रय दिईएको छ । भीमराजजस्तै जाजरकोटकै नरबहादुर बस्नेत र देवी घर्तिको पनि उद्धार गरिएको थियो । वर्षौदेखि मानसिक समस्याले थलिएका यी दुवैजना आश्रममै पुगे। यी प्रतिनीधि पात्र मात्रै हुन् । उनीहरुजस्तै सयौ बेसाहाराले मानवसेवा आश्रमको साहारा पाएका छन् । सडकपेटी एवं सार्वजनिक स्थलहरुमा कष्टकर जीवन बिताउन बाध्य सहयोगापेक्षी व्यक्तिहरुले आश्रमबाट सेवा पाईरहेका छन् ।

आश्रम नै अहिले कर्णालीका सहयोगापेक्षीहरुको साहारा बनेको छ। बेसहाराका लागि साहारा बन्दै आश्रमले कर्णालीमा आफ्नो नाम अनुसारको काम गरिरहेको छ । सडकपेटी, सार्वजनिकस्थलहरुमा कष्टकर जीवन बिताउन बाध्य सहयोगापेक्षी सडक आश्रीत मानवहरुको व्यवस्थापनका लागि प्रदेश राजधानी वीरेन्द्रनगरमा २०७५ पौषमा आश्रमको शाखा स्थापना भएको थियो । हाल वीरेन्द्रनगर-१२ नेवारेमा आश्रमले ‘मानवीयताको कुनै सीमा हुँदैन’ भन्ने नाराका साथ सेवा दिईरहेको छ । आश्रमले स्थापनादेखि हालसम्म एक सय ९० पुरुष र एक सय ३४ महिलागरि तीन सय २४ जनाको उद्धार गरिसकेको छ । यो अवधीमा एक सय ३३ जनालाई पारिवारिक पुनर्मिलन गराइएको छ भने ५३ जनाले अल्पकालिन सेवा लिएका छन् । मानवसेवा आश्रम कर्णाली प्रदेश संयोजक सञ्जिता गौतमका अनुसार आश्रमबाट सामुदायिक पुर्नस्थाना भई २२ जनाले स्वावलम्बी जीवन निर्वाह गरिरहेका छन् । आश्रमले ७ जनालाई पुनःउद्धार गरेको छ भने २९ जनालाई स्थानान्तण गरेको छ । विभिन्न कारणले बेसाहारा भई आश्रमको आश्रयमा पुगेका २८ जनाले निधन भएको छ ।

अघिल्लो आर्थिक वर्षमा मात्रै आश्रमले ४७ जनाको उद्धार, आठ जनालाई पारिवारिक पुर्नमिलन गरेको छ । यस्तै ६ जनाले अल्पकालीन सेवा लिएका छन् भने २९ जनालाई स्थानान्तरण गरिएको छ । आश्रममा आश्रिच तीन जनाको निधन भएको छ । हाल आश्रममा ८८ जना आश्रीत रहेको प्रदेश संयोजक गौतमले बताइन् । ‘घरपरिवार र आफन्त विहिन वा परित्याग भई सडकपेटी एवं सार्वजनिक स्थलहरुमा कष्टकर जीवन विताउन बाध्य सहयोगापेक्षीहरुको अवस्था कहालीलाग्दो छ, त्यसमा महिला, बृद्धबृद्धा र मानसिक रुपमा विछिप्त सडक आश्रीत बनेका सहयोगापेक्षीहरुको अवस्थता झनै कहालीलाग्दो छ,’ गौतम भन्छिन् ‘त्यस्ता व्यक्तिहरुको सेवामा हामी निरन्तर लागि परेका छौ ।’ कुनै पनि वैदेशिक दातृ निकायहरुसँगको सहकार्य र साझेदारी बिना नै नेपाली परोपकारी मनहरुको स्वेच्छिक सहयोग र नेपाल सरकारको आशिंक अनुदानबाट मानविय सेवाको अभियान चलिरहेको उनको भनाई छ ।

आश्रमको संरक्षणमा रहेको आश्रितहरुलाई मानसिक रोग विशेषज्ञ डा. सुशिल समदर्शिले नियमित स्वास्थ्य परिक्षण र परामर्श सेवा स्वंयसेवक रुपमा उपलब्ध गराउँदै आएका छन् । यस्तै सिएमसी नेपाल हस्पिटलबाट निशुल्क औषधी सहयोग हुँदै आएको आश्रमले जनाएको छ । अस्पतालमै पुऱ्याएर उपचार गराउनुपर्ने अवस्थामा रहेको आश्रितहरुलाई कर्णाली प्रदेश अस्पतालमा स्वास्थ्य उपचार सेवामा सहयोग हुँदै आएको छ ।

शारिरीक तथा मानसिक रुपमा अति कमजोर अवस्थाबाट उद्धार गरिएका कतिपय सहयोगापेक्षी सडकआश्रित मानवहरुलाई जतिसुनै प्रयास गर्दा पनि बचाउन सम्भव हुँदैन् । मानवसेवा आश्रम सुर्खेतको हकमा वीरेन्द्रनगर नगपालिकाले निशुल्क दाहसंस्कार सेवा प्रदान गर्दै आईरहेको छ । मानवसेवा आश्रम मानवता र सामाजिक भावनालाई व्यवहारक रुपमा अनुभूती गर्न सकिने एक मानविय मन्दिरको रुपमा विाकस भईरहेको छ ।

यस झेत्रमा स्कुल पढ्ने सानासाना बालबालिकाहरुले समेत आफ्नै प्रयासमा खाजा खर्च कटाई मानव सेवा आश्रममा आई आश्रित आमाबुबाहरुको लागि नगद तथा जिन्सी सहयोग गर्दै आएका छन् ।

## रंगमञ्चका...

लगायतले गाए। सरर मलेवा बोलको गीत कविता श्रेष्ठ, कुमार बस्नेतले गाएको सुर्खेतमा सलिना बुलबुले ताल लगायतका गीत संलकन गरेका थिए । राष्ट्रिय नाचघर छाडेपछि २०४३ देखि २०४५ सालसम्म उनले रेडियो नेपालमा वाद्य वादकका रूपमा काम गरे । २०४२ सालमा राष्ट्रिय एकता दिवसको अवसरमा आयोजित अञ्चलस्तरीय प्रतियोगितामा भेरीको तर्फबाट लोक नृत्यमा प्रथम स्थान हासिल गरे । १२ जनाको टीम थियो । २०४३ सालमा पुनः काठमाडौं फर्के । रेडियो नेपालको लोकगीत शाखामा वाद्य वादकका रूपमा ३ वर्ष काम गरे । काठमाडौंबाट सुर्खेत फर्केपछिको उनको यात्रा शिक्षणतर्फ मोडियो । यसै मेसोमा बुलबुले तालकै छेउमा रहेको निजी स्कूल इगरब्रिजमा अतिरिक्त शिक्षकका रूपमा १२ वर्ष संगीत सिकाएर बिताए उनले । २०६० सालदेखि हालसम्म इन्टर नेसनल कोअपरेटिभ उच्च माविमा अतिरिक्त शिक्षकका रूपमा गीत, संगीत र वाद्यवादन सिकाइरहेका छन् । उनले थुप्रै सम्मान पुरस्कार पाएका छन् ।

नेपाल सरकारद्वारा राष्ट्रिय प्रतिभा पुरस्कार, लोकदोहोरी लाइभ अचिभमेन्ट हात पारेका उनलाई न्यूयोर्क कला मञ्चले सम्मान पनि गरेको छ । नेपाल संगीत नाट्य प्रतिष्ठानले २०७६ सालमा लोक प्रज्ञा राष्ट्रिय सम्मान दियो । गत असारमा सांस्कृतिक संस्थानले स्वर्ण जयन्तीको अवसरमा राष्ट्रिय संगीत पुरस्कार पनि उनलाई प्रदान गऱ्यो । गिन्ती गर्दा यस्ता कदर, सम्मान, पुरस्कार धेरै होलान् तर उनको तपस्याका तुलनामा ती नगण्य हुन् भन्न सकिने ठाउँ छ ।

मादल बजाउने र नाच्ने वा विद्यार्थीहरूलाई सारेगम वा नाद ताल सिकाउनमा मात्र प्रेमदेव गिरी सीमित भएनन् । उनलाई लागेको थियो, तत्कालीन सुदूर र मध्यपश्चिमको सुन्दर केन्द्र सुर्खेत उपत्यकामा स्थायी महत्त्वको केही काम गर्न पाए हुन्थ्यो । जब सुर्खेत फर्के, उनले बागिना (बाजा, गीत नाच) लाई एउटा कला मन्दिरमा रूपमा स्थापना गर्ने सोच बनाए । अहिले यही बागीनाले त्यस क्षेत्रको कला संस्कृतिलाई राष्ट्रको मूलधारमा जोड्ने काम गरेको छ । यसले थुप्रै कलाकार उत्पादन गरेको छ र प्रेमदेवको सपनालाई उनकै जीवनकालमा थामिराख्ने काम गरेको छ । गिरी काठमाडौं बस्दा ३० को दशकमा स्वर सम्राट नारायण गोपालको सम्पादनमा ‘बागीना’ निस्कन्थ्यो । त्यो बाजा, गीत नाचमा समर्पित त्यतिबेलाको एक मात्र चर्चित त्रैमासिक पत्रिका थियो । धेरै लामो समय निस्केन । छोटो समयमै पत्रिका बन्द भयो । सुर्खेतको बागीना नामक संस्थालाई त्यसैको कला मन्दिर संस्करण भन्न नसकिने होइन । जे भए पनि प्रेमदेवले नाम चाहिँ उतैबाट झिकिल्याएका थिए ।

चरी लैजा समाचार .. ‘त्यता के-के हुँदैछ, यता बाढी पसेर, फेरि हामी दुःखीकै खायो मुटु-कलेजा, हामी भयौं बेघरबार, हामी भयौं बेघरबार, चरी लैजा समाचार, हामी भयौं बेघरबार !’ नेपालमा कुनै न कुनै भूगोलमा बर्सेनि बर्खाको सिजनमा बाढी-पहिरोले क्षति गरिरहन्छ । तब नेपालीको जनजिब्रोमा गुन्जिन्छ, संगीत श्रोताको शब्द र लयमा अन्जानबाबु र स्वयं संगीतश्रोताले गाएको यो गीत ।

२०७१ साउन २८ र २९ गते सुर्खेतमा भीषण बाढीपहिरो आयो । भेरी लगायत नदीमा आएको कहालीलाग्दो बाढीले ११५ जनाको ज्यान लियो, थुप्रै अंगभंग भए । सुर्खेत उपत्यका जलमग्न भयो । ५ हजार बढी परिवार विस्थापित भए । निरन्तरको वर्षाकै बीचमा प्रेमदेवले स्थानीय समावेशी टेलिभिजनका प्राविधिक टोलीसँग एउटा प्रस्ताव सुनाए, चरी लैजा समाचार, हामी भयौं बेघरबार बोलको परिस्थिति सुहाउँदो गीत छ, यसलाई छायांकन गरौं ।

टेलिभिजनको टीम पनि सहमत भयो । गीतको भिडियो तयार भयो । टेलिभिजनमा प्रसारण हुनुका साथै यूट्युबमा अपलोड भयो । लाखौं दर्शकले भिडियो हेरिसकेका छन् । अहिले पनि हरेक बर्खामा त्यही भिडियो भाइरल हुने गरेको छ । भिडियोमा प्रेमदेवको जीवन्त अभिनय देख्न सकिन्छ ।


## जनहितमा जारी सन्देश

- सडकको दायाँबायाँ जथाभावी सामाग्री नथुपारौं ।
- सडक छेउमा घरहरुको तलबाट सीधैं वर्षाको पानी सडकमा नझारौं, यसबाट चाँडै खाल्डाखुल्डी पर्न जाने हुदाँ पाइपको माध्यमबाट उचित निकासको व्यवस्था गरौं ।
- वर्षायाम (असारदेखि भाद्रसम्म) मा कुनै पनि कार्यका लागि सडक खन्ने, अनुमति दिन नसकिनेसमेत जानकारी यसै सूचनामार्फत गराइन्छ ।
- शारीरिक कन्जोरी तथा दृष्टिविहीन नागरिकलाई प्राथमिकता दिई सहयोग गरौं ।
- सडक छेउमा नाली पुरी घर जाने बाटो नबनाऔं ।
- राष्ट्रिय राजमार्गको सडक सीमा २५ मिटर दायाँ तथा २५ मिटर बायाँ भएका पक्की संरचना भत्काउनुहोला । तथा नयाँ निर्माण पनि नगर्नुहोला ।

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत



नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## कृषकहरुलाई सूवर्ण अवसर

कृषकहरुले कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालनको लागि कृषकहरुलाई ब्याज अनुदान कार्यक्रम मार्फत बैंकको लाग्ने ब्याजदरमा ७% (सात प्रतिशत) अनुदानको व्यवस्था यस मन्त्रालयबाट हुने भएकोले कृषकहरुले तोकिएको बैंकबाट समयमा कृषि कर्जा लिई मौकाको फाईदा उठाउन सहर्ष जानकारी गराउँछौं । विस्तृत जानकारीको लागि मन्त्रालयको वेवसाइट **www.molmac.karnali.gov.np** मा हेर्न सक्नुहुनेछ ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत



नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## भगवतीमाई गाउँपालिकाको अनुरोध !

- ☑ पशु चौपायलाई खुला र छाडा नछोडौं । बाटो अवरुद्ध हुनेगरी निर्माण सामाग्री नराखौं ।
- ☑ जथाभावी सडकमा फोहोर नफालौं, जरिवानाबाट बचौं ।
- ☑ सडेगलेका वस्तु विक्रि वितरण र प्रयोग नगरौं ।
- ☑ घरपालुवा कुकुरलाई बाटोमा दिसापिसाब नगराऔं ।
- ☑ बाल अधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।
- ☑ जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरी आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकहरुको अधिकार हो ।
- ☑ समयमै कर तिर्नु नागरिकहरुको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
- ☑ पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
- ☑ समयमै कर भुक्तानी गरी विकास निर्माणमा सहभागि बनौं ।
- ☑ जाति, भाषा, धर्म र लिंगको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।

मिना कुमारी खड्का
उपाध्यक्ष

गणेश बहादुर थापा
अध्यक्ष

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख, कर्णाली प्रदेश, नेपाल



## वन डढेलो नियन्त्रणका लागि
## डिभिजन वन कार्यालय सुर्खेतको अनुरोध

गर्मी याम तथा खासगरी खडेरीको समयमा वनमा आगलागीका घटनाहरु धेरै हुने गर्दछन् । वन डढेलोबाट वनमा भएका वनस्पती, वन्यजन्तु र जैविक विविधताको अपुरणीय क्षती हुने गरेको छ। त्यसैले,

- ❖ वन जङ्गलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा सबै मिली स्थानीय जनसहभागिता जुटाई तुरुन्त निभाऔं ।
- ❖ सलाई लाईटर जस्ता प्रज्वलनशील वस्तु केटाकेटीको पहुँचबाट टाढा राखौं । यस्ता वस्तु लिएर वन प्रवेश नगरौं/नगराऔं ।
- ❖ वन जङ्गलसंग जोडिएका खेतबारीमा कृषि बालीका ठुटाठुटी, झिंगटा बालीसकेपछि आगो निभाएर मात्र छाडौं ।
- ❖ घर गोठमा हावाहुरी लागेको समयमा आगो नबालौं । घर गोठको काम सकिएसकेपछि आगो निभाएर मात्र छाडौं ।
- ❖ अग्नी रेखाको निर्माण तथा समय-समयमा मर्मत र सफाई गरौं ।
- ❖ आगलागीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
- ❖ आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालयमा खबर गरौं ।

वनमा आगो लगाउने कार्य कानूनी अपराध हो । यस्तो कसुर गर्नेलाई वन ऐन २०७६ बमोजिम क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

सम्पर्क नम्बरहरु: ९८५८०७८५५३, ९८५८०७८५५६, ९८५८०७८५५९



## आयोजना सुरु अबधिदेखि हालसम्मको समष्टिगत प्रगति (संलग्न ढाँचा अनुसार)

हालसम्मको समष्टिगत भौतिक प्रगति = ६५.६७% र वित्तिय प्रगति = ५७.५७%

आयोजनाको समष्टिगत प्रगति विवरण

| | | |
|---|---|---|
| आयोजनाको नामः | भेरी बवई डाइभर्सन बहुउद्देश्यीय आयोजना, वीरेन्द्रनगर, सुर्खेत । | |
| कुल लागत (रु लाखमा): ३६८०७७.४२ | | |
| आयोजना अवधि | शुरु आ. वः २०७१/७२ (निर्माण शुरु) | सम्पन्न हुने आ. वः २०८२/०८३ (आ. व. २०८४/०८५ सम्म बबई मानखोला समेत) |
| आयोजनाको सुरु अवधि देखि यस आ. व. २०८०/०८१ दोस्रो त्रैमाशिक सम्मको प्रगति | वितिय प्रगति प्रतिशतः ५७.५७<br>खर्च रकम (रु लाखमा): १६९६३८.९१ | भौतिक प्रगति प्रतिशतः ६५.६७ |
| यस आ. व (०८०/८१) को दोस्रो त्रैमासिकको | विनियोजित बजेट (रु लाखमा): १५७२१.० | दोस्रो त्रैमाशिक प्रगति |
| | खर्च रकम (रु लाखमा): ३७६०.१७ | क) भौतिक प्रगति (प्रतिशत) - ८०.०० |
| | | ख) वित्तिय प्रगति (प्रतिशत) — २३.५९ |
| हाल सम्म सम्पन्न प्रमुख कार्य/ उपलब्धि | • नेपालमा नै पहिलो पटक TBM मेशिनको सफल प्रयोग गरी १२.२० कि. मि. टनेल निर्माण कार्य सम्पन्न भएको ।<br>• बाँध निर्माण स्थल चिप्लेमा Site camp निर्माण सम्पन्न भई office र quarter स्थापना, Laboratory, Crusher Plant, Batching Plant Installation & Calibration सम्पन्न भई कार्यान्वयनमा आएको ।<br>• Headworks निर्माण कार्य अन्तर्गत जम्मा ६ वटा बे मध्ये २ वटा बे निर्माणको अन्तिम चरणमा रहेको र बाँकि ४ बे निर्माणको लागि खोला फर्काउने योजना तयारी भईरहेको ।<br>• Settling basin को लागि foundation खन्ने (Rock cutting) तथा Plum Concreting कार्यका साथै RCC वाल ढलान गर्ने कार्य सुचारु रहेको ।<br>• हेडवर्क्स साईट चिप्लेमा स्थित छिन्चु जाजरकोट सडक खण्डको Diversion road सम्पन्न भएको साथै चिप्ले खोल्सी Diversion निर्माण कार्यको पहिलो चरणको कार्य सम्पन्न भई दोश्रो चरणको कार्य सुचारु रहेको ।<br>• पावरहाउस निर्माण स्थानमा Slope Protection कार्य अन्तिम चरणमा रही Foundation Excavation कार्य सुचारु रहेको, Cofferdam निर्माण कार्य शुरु भएको, Anchor Block खन्ने कार्य शुरु भएको, Surge Shaft को लागि access road with drain निर्माण तथा Slope Protection कार्य सम्पन्न भई Shaft खन्ने तयारीमा रहेको। साथै पावरहाउस साईट हात्तीखालमा Crusher Plant स्थापना भई आवश्यक निर्माण सामाग्री उत्पादन अन्तिम चरणमा रहेको ।<br>• हाईड्रोमेकानिकल निर्माण कार्य अन्तर्गत headworks मा २ बे को Pier मा Steel Lining गर्ने कार्य अन्तिम चरणमा रहेको, विभिन्न संरचनाहरुको Design and Drawing हरुको Approval गर्ने कार्य धमाधम भई रहेको ।<br>• इलेक्ट्रो मेकानिकल निर्माण कार्य अन्तर्गत Turbine Model Test कार्य समपन्न भएको, विभिन्न महत्वपूर्ण उपकरणहरुको डिजाईन स्वीकृति तथा केहि स्विकृतीका क्रममा रहेको भने केहि उपकरणहरुको डिजाइन भईरहेको ।<br>• जग्गा प्राप्ती सम्बन्धमा मुअब्जा निर्धारण समितिबाट दररेट निर्धारण भई रैकर जग्गाको हकमा ८.११४ हे. जग्गाको मुआव्जा वितरण कार्य सम्पन्न भएको तथा ऐलानी जग्गा प्राप्तिको लागि झन्डै ११ हेक्टर जग्गा प्राप्तिको लागि सूचना प्रकाशन भईसकेको ।<br>• सामाजिक विकास तथा वातावरणीय सुधार कार्यक्रम अन्तर्गत विभिन्न प्रभावित क्षेत्रमा भएका मागहरु तथा आवश्यकता अनुसार कार्यहरु गर्दै आएको। | |

भेरी बवई डाइभर्सन बहुउद्देश्यीय आयोजना
वीरेन्द्रनगर, सुर्खेत



नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## जुनीचाँदे गाउँपालिकाको अनुरोध !

- ☑ पशु चौपायलाई खुला र छाडा नछोडौं । बाटो अवरुद्ध हुनेगरी निर्माण सामाग्री नराखौं ।
- ☑ जथाभावी सडकमा फोहोर नफालौं, जरिवानाबाट बचौं ।
- ☑ सडेगलेका वस्तु विक्रि वितरण र प्रयोग नगरौं ।
- ☑ घरपालुवा कुकुरलाई बाटोमा दिसापिसाब नगराऔं ।
- ☑ बाल अधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।
- ☑ जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरी आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकहरुको अधिकार हो ।
- ☑ समयमै कर तिर्नु नागरिकहरुको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
- ☑ पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
- ☑ समयमै कर भुक्तानी गरी विकास निर्माणमा सहभागि बनौं ।
- ☑ जाति, भाषा, धर्म र लिंगको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।

बिरेन्द्र बहादुर शाही
उपाध्यक्ष

बेद बहादुर शाही
अध्यक्ष

जुनीचाँदे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जाजरकोट, कर्णाली प्रदेश, नेपाल

## कर्णालीको उर्जामा लगानी

# अघि बढ्यो ४३९ मेगावाटको बेतन–कर्णाली

### उत्पादन अनुमतिका लागि आवेदन

**युग संवाददाता**
**सुर्खेत, १ बैशाख ।**

अछाम र सुर्खेतको सीमा भएर बग्ने कर्णाली नदीमा निर्माणका लागि प्रस्तावित ४३९ मेगावाटको बेतन कर्णाली अर्धजलाशय आयोजना निर्माणका लागि अघि बढेको छ। उक्त आयोजना निर्माणका उत्पादन अनुमति पत्रको माग गर्दै प्रवर्द्धक कम्पनी बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर लिमिटेडले विद्युत विकास विभागमा आवेदन दिएको छ।

विभागले उक्त कम्पनीलाई उत्पादन अनुमति दिनका लागि आयोजनाले कुनै उल्लेख्य वातावरणीय असर पर्ने भए त्यसबारे लिखित राय सूझाव पेश गर्न आह्वान गर्दै ३५ दिने सूचना सार्वजनिक गरेको छ। आयोजना निर्माका लागि प्रवर्द्धक कम्पनीले वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन तयार पारी स्वीकृत गराइसकेको छ। प्रतिवेदन अनुसार आयोजनाको मुख्य संरचनाहरु अछामको ढकारी गाउँपालिकामा पर्दछन्।

त्यस्तै आयोजनाको भूमिगत विद्युत गृह सोही गाउँपालिकाको वडा नम्बर ६ मा निर्माण गर्ने गरी डिजाइन गरिएको छ। आयोजनाको विद्युत गृहमा ६ वटा टर्वाइन राखेर विद्युत् उत्पादन गरिने छ। आयोजनाको मुख्य पावर हाउसबाट चार सय ३० दशमलव १३ मेगावाट र वातावरणीय बहाबबाट थप आठ दशमलव आठ मेगावाट विद्युत उत्पादन हुनेछ।

आयोजनाबाट कुल बार्षिक औषत २३ सय दुई दशमलव पाँच गिगावाट आवर विद्युत् उत्पादन हुनेछ। आयोजनाको विद्युत् ४०० केभी डबल सर्किट पाँच किलोमिटर लामो प्रसारण लाइनमार्फत नेपाल विद्युत प्राधिकरणको दोधारा सबस्टेशनमा जोडिने छ। आयोजना तत्काल निर्मामा लान सके १ भर्दौ २०८८ सम्ममा विद्युत् उत्पादन थाल्ने लक्ष्य राखिएको छ।



**डेढ वर्षभित्र निर्माणको चरणमा जाने** बेतन कर्णाली जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (इआईए रिपोर्ट) स्वीकृत भएको छ। कम्पनीले पेश गरेको प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको आयोजना प्रमुख उपेन्द्र न्यौपानेले बताए। उनका अनुसार मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (८) बमोजिम १७ पुसमा इआइए रिपोर्ट स्वीकृत गरेको हो। 'मन्त्रालयले इआइए प्रतिवेदन स्वीकृत गरेसँगै आयोजना निर्माणको बाटो खुलेको छ,' उनले भने, 'विद्युत विकास विभागले अनुमति दिएपछि, वित्तीय व्यवस्था र विद्युत् खरिद सम्झौता (पिपिए) गरेर संरचना निर्माणको काम सुरु गर्छौं,' पिपिएका लागि काम भइरहेको छ।

आयोजना निर्माण पूर्वका सबै काम पूरा गरेर डेढ बर्षभित्र आयोजनाको संरचना निर्माणको काम सुरु गर्ने योजना रहेको पनि न्यौपानेले बताए। अहिले पहुँच मार्ग निर्माणको काम भइरहेको छ। अछाममा १८ किलोमिटर र सुर्खेतमा १४ किलोमिटर सडक खन्ने काम सकिएको छ। उनले अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्तिका लागि दरखास्त आह्वान गरिसकेको पनि बताए।

**यस्तो बन्नेछ आयोजना**

प्रस्तावित आयोजना सुर्खेत र अछाममा निर्माण हुनेछ। यो आयोजना अछाम जिल्लाको ढकारी गाउँपालिका वडा नम्बर ६ र तुर्माखाँद गाउँपालिका वडा नम्बर ३, ४ र ५ का सार्थ सर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा नम्बर ६ र पञ्चपुरी नगरपालिका वडा नम्बर ७ को क्षेत्रभित्र रहने छ।

आयोजनाको बार रोलर कम्प्याक्टेड कंक्रिट (आरसीसी) प्रकारको हुनेछ। बाँधको उचाई जगदेखि एक सय ४० मिटर निर्माण हुनेछ। आयोजनाको १६ दशमलव एक सय ६९ करोड घनमिटर क्षमताको करीब २१ द्यशमलव ९३ किलोमिटर लामो जलाशय निर्माण हुनेछ।

जलाशयमा जम्मा भएको पानीलाई तीन वटा हेडरेस सुरुङमार्फत विद्युत गृहमा पुऱ्याइन्छ। हेडरेस सुरुङको लम्बाई क्रमशः दुई हजर १७ दशमलव २६, दुई हजार ११ दशमलव १५ र दुई हजार १७ दशमलव ३९ गरी ६ हजार ४५ दशमलव आठ मिटर हुनेछ।

विद्युत गृहबाट चार सय ३० दशमलव दुई मेगावाट र वातावरणीय बहावबाट थप आठ दशमलव आठ मेगावाट विद्युत् उत्पादन हुनेछ। आयोजनाका संरचनाहरू निर्माण र जलाशयका लागि ९३ दशमलव ११ हेक्टर निजी जग्गा र पाँच सय ९८ दशमलव ८८ हेक्टर वन क्षेत्र गरी कुल ६ हजार ९१ द्यशमलव ९९ हेक्टर जग्गा आवश्यक पर्नेछ।

**७५ अर्ब लागत लाग्ने अनुमान**

आयोजना सम्पन्न गर्न करिब ७५ अर्ब रुपैयाँ अनुमान गरिएको छ। कूल लागतको ७० प्रतिशत ऋण लगानी र ३० प्रतिशत स्वपुँजी लगानी रहने आयोजना प्रमुख न्यौपानेले बताए। कूल स्वपुँजी लगानी सञ्चय कोषका सञ्चयकर्ताका लागि ४० प्रतिशत, कोषका लागि १५ प्रतिशत, नेपाल विद्युत प्राधिकरणका लागि १० प्रतिशत, विद्युत उत्पादन कम्पनीका लागि १० प्रतिशत सेयर स्वामित्व दिने गरी शेयर संरचना तयार भएको छ। कम्पनीले १३ प्रतिशत सर्वसाधारण, आयोजना प्रभावितका लागि १० प्रतिशत र अतिविपन्न परिवारका लागि २ प्रतिशत सेयर स्वामित्व दिने तय भएको छ। आयोजना निर्माण पूरा भएपछि वार्षिक २२ हजार ९९ दशमलव पाँच गिगावाट घण्टा विद्युत् उत्पादन हुनेछ। आयोजनाबाट सुख्खा समयको 'पिक इनर्जी' चार सय ५८ दशमलव ५६ गिगावाट घण्टा र सुख्खायाममको 'अफ पिक इनर्जी' दुई सय ३० दशमलव ८२ गिगावाट घण्टा ऊर्जा उत्पादन हुनेछ। बार्षिक रूपमा सुख्खा समयमा कूल ६ सय ८९ दशमलव ३८ गिगावाट र वर्षायाममा एक हजारर ६ सय नौ दशमलव ६७ गिगावाट बिजुली उत्पादन हुनेछ। कम्पनीले विद्युत् बिक्रीबाट पहिलो वर्ष १४ अर्ब ५० करोड ३१ लाख र नौ वर्षपछि १८ अर्ब ३७ करोड २१ लाख रुपैयाँ वार्षिक आम्दानी गर्ने अनुमान छ।

आयोजनाको निर्माण अवधि ठेक्का सुरु भएको मितिबाट करिब पाँच वर्षसम्मको अवधिमा १३ हजार दुई सय २० बराबरको जनशक्ति आवश्यक पर्ने आयोजनाले जनाएको छ।

आयोजना निर्माणका लागि ढुंगा/गिट्टी/बालुवा ४ लाख ५ हजार ७८० घनमिटर, सिमेन्ट १ लाख ६५ हजार ३१० मेट्रिक छन्, छड २७ हजार ५२ मेट्रिक टन, विस्फोटक पदार्थ ३२६० मेट्रिक टन, डेटोनेटर ३२ लाख ६२ हजार वटा आवश्यक पर्ने अध्ययनले देखाएको छ।

# आरन पेसाले फेरिएको जीवनी

**कल्पना ढेङ्गा मगर**
**सुर्खेत, १ बैशाख ।**



खरको छाप्रो, त्यही छाप्रोभित्र सानो आरन। आरनको छेउमा बसेर ट्याकट्याक, टुकटुक पार्न थालेको सयौं दिन बितिसके। अझै कति समय बिताउने हो त्यो थाहा छैन। आरनमा बसेपछि दिन बितेको पत्तै हुँदैन। भोक, तिर्खा पनि लाग्दैन।

आरन पेसामै जिन्दगी बिताएका वीरेन्द्रनगर नगरपालिका-९ सुर्खेतका हर्कबहादुर सुनारको जाँगर अझै उस्तै छ। उनको पुर्ख्यौली घर दैलेख गुराँस गाउँपालिका-६ हो। अहिले वीरेन्द्रनगर नगरपालिका-९ मा बस्दै आएका छन्। 'राम कृष्ण आरण उद्योग' भने वीरेन्द्रनगर-१० मा संचालन गरेका छन्। सानै उमेरदेखि फलाम र आरनको काम गर्ने सीप सिकेर उनले आरन पेसा थालेका हुन्। आरन पेसा आफ्नो बाबुबाजेले गर्दै आएको हुँदा आफूहरुको पुर्ख्यौली पेसा भएकाले निरन्तरता दिएको उनले बताए। खरको छाप्रामुनी रहेको उनको आरनमा फलामबाट बन्न सक्ने सबै प्रकारका सामान बन्छन्। नयाँ सामान बनाउने र पुरानालाई मर्मतसम्भार गर्ने काम पनि आरनमै हुन्छ।

मानिसलाई चाहिने दैनिक उपभोग्यका सामान बनाउन सुनार निक्कै खप्पिस छन्। उनले आफ्नो बाबुसँगै आरनमा बसेर फलामको काम गर्न सिकेको बताए। १८ वर्षको उमेरदेखि आरन पेसामा लागेका उनले आरनको सहयोगमा खुकुरी, बन्चरो, हँसिया, कुटो, कोदालो, थेबे, फाली, छिनो, टुकटुके, दाबे जस्ता दैनिक जीवनमा आवश्यक पर्ने सबै सामान बनाउछन्। उनले काँचो फलाम किनेर विभिन्न सामानहरु निर्माण गर्दै आएका छन् भने विद्युतको सहायताबाट तिनै फलामका सामानहरु चम्काउने गर्छन्। आरन पुरानो भए पनि निकै आकर्षक र लाग्ने खालका सामान बन्छन्।

आरनमा बनेको खुकुरीलाई न्युनतम तीनहजार रुपैयाँदेखि ६ हजारसम्म मूल्य पर्दछ। यसैगरी हँसिया र फालीलाई ३ सय देखि ५ हजार, कोदाली, टुकुटुके एकहजार पाँच सय रुपैयाँ मूल्य पर्ने गरेको उनले जानकारी दिए। आरनबाट दैनिक रुपमा चाहिने विभिन्न प्रकृतिका सानादेखि ठूला सामानहरु बन्छन्। आरनमा फलामबाट निर्मित सामान उदाउने काम पनि हुन्छ। आफुले बनाउँदै आएका सामानको एक सयदेखि ६ हजार सम्ममा विक्रि गर्ने गरेको उनले बताए।

उमेरले ५९ वर्ष पुगेका हर्कबहादुर फलामको सामानहरु बनाउने सिप आफूसँग रहेको उनको भनाइ छ। हर्कबहादुरको आरनका सामानहरु कैलाली, काठमाडौं, पोखरा, जुम्ला, कालिकोटलगायत ठाउँमा पुग्ने गरेका छन्। परम्परागत सिप र प्रविधिमा आधारित आरनमा सामुदायिक वन जङ्गलबाट पैयुँ, गुराँस, हाडेकाफल, मौवा र आरुपाते रुखको सहयोगमा गोल बनाएर आरन सञ्चालन गरिन्छ। वनबाट ल्याएको गोलको सहयोगबाट नै फलामका सामानहरु तिखारिन्छन् र चम्किने गरेको उनले बताए।

अहिले चारजनाको परिवार रहेको सुनारले आरन पेसाबाटै परिवारको गुजारा चलाउने गरेको बताए। पहिले त आरनको काम गरेबापत गाउँलेबाट उनले अन्नपात लिने गरेका थिए। अन्य ठाउँबाट सामान बनाएको र अर्जाबेवापत ज्याला लिने गरेको उनले बताए। उनले ७ वर्ष सम्म ज्यालादारी काम गरेको बताए।

**९ वर्षको उमेरमा २० केजि फलाम नेपालगञ्जबाट खालि खुट्टा बोकेर ल्याएँ**

हर्कबहादुर सुनारको जिवन संघर्ष रोचक अनि मार्मिक पनि छ। उनी ९ वर्षको उमेरमा २० केजि फलाम बोक्ने गरेका थिए। उनले नेपालगञ्जबाट २० केजि फलाम खाली खुट्टा बोकेर सुर्खेत लिएका थिए। यो २०३० साल तिरको कुरा हो उनी सम्झिन्छन्। 'म २०२१ सालमा जन्मिएको हुँ भनेपछि १० वर्षको थिएहोला ? १० पनि कहाँ होर, नौ वर्षको भएको रहेछु।' उनले भने, 'सबैभन्दा आर्थिककै कमजोरी थियो। के गर्ने १६ वर्षको उमेरमा पाँच कक्षामा पढ्थे भने के पढ्ने भन्नुस्, अनि उनी खिस्स हास्छन्।' उनको परिवार ठुलो थियो। उनी घरका जेठा छोरा नै थिए। घरको केहि जिम्मेवारी उनलाई थपिन पुग्यो। आफ्ना बुबाले गरेको आरन पेसा उनले पनि सिके र आरनलाई नै निरन्तता दिए। ज्याला मजदुरको काम उनले विभिन्न ठाउँमा गरेका थिए।

आफ्नो ठाउँ छाडेर विदेश भने गएका छैनन् उनी। सुनारले आरन पेसाबाटै परिवार धानेका छन्। उनले छोरालाई पनि आरनको काम सिकाएका छन्। उनले भने, 'भारतको रुपैडियाँ सम्म पुगेको छु। तैपनि उपचारको लागि। अन्त जाने त मेरो फुर्सद पनि हुदैन्।'

**बिरामी हुदाँ गोवरमा घाँटीसम्म शरिर डुवाएँ**

र्हकबहादुर २०५५ साल चैत १४ गते दिनभरी काम गरेर सुतेका थिए। सुतिरहेका हर्क रातको साढे ३ बजे एक्कासि बिउँझिए। उनी बिउँझिदा एता-उता फर्किन सकेनन्। उनको खुट्टा, हात दुबै चलेन्। उनको घर दैलेख थियो त्योबेला गाउँकाले बोकेर किहान रातानाङ्लासम्म लिए। पछि गाडिमा उनी बाँके रहेको अस्पतालमा पुगे। त्यहाँ उनलाई सामान्य उपचार गरी बाथ रोगको केहि औषधी दिएर पठाईएको थियो। घरमा आएर औषधी खाई रहेँ तर निको भने भएन्। आफु विरामी थिए तर २०६१ सालमा उनले आफ्नो बुबा पनि गुमाए। उनले भने, 'धेरै दुख लाग्छ म बिरामी भएकोले मैले मेरो बुबाको कृय पनि गर्न पाएन्।'

दायाँ खुट्टा अहिले पनि चल्दैन् उनको। बाथ रोगले आफुलाई धेरै सताएको उनले बताए। रोग निको होला भनेर भैँसीको मल खाल्टो खनेर त्यहि खाल्टोमा मल हालेर उनले त्यहि मलमा बिहान-बेलुका आफ्नो शरिर घाँटी सम्म डुबाउने गरेको कुरा उनले सुनाए। उनले भने, 'बाथ रोग निको होला भनेर कति औषध गरे, कति ठाउँ धाएँ, आफ्नो पिसाव सम्म खाएको छु तर निको भएन्।'

**आरनबाटै मनग्य आम्दानी**

पछिल्लो पिँढीले भुलिसकेको र लोप हुने अवस्थामा पुगेको आरनबाट हर्कबहादुर सुनारको राम्रो आम्दिनीको स्रोत भएको छ। १८ वर्षदेखि आरनको काम गर्दै आएका सुनारले अहिले वार्षिक ३ लाख रुपैयाँ बढि कमाइ गर्दै आएको बताए।

बुबाको पालादेखि नै फलामको काम गर्दै आएकाले पसा परिवर्तन नगरी 'राम कृष्ण आरण उद्योग' दर्ता गराएर आरनलाई व्यवस्थित र व्यावसायिक रुपले सञ्चालन गर्दै आएको सुनारले बताए। उनले 'राम कृष्ण आरण उद्योग' आफ्नो छोराको नाममा उद्योग दर्ता गरी संचालन गरेका हुन्। अहिले उद्योगमा दुई जनाले रोजगार पाएका छन्। उनीहरूलाई मासिक १६ हजार रुपैयाँ तलब दिएर काममा लगाएको उनले बताए। आरनमा बिहानदेखि बेलुका सम्म नै समय दिने गरेको उनको भनाइ छ। विषेशगरी हँसिया, कुटो, कोदालो बढि बिक्रि हुने गरेको उनले जानकारी दिए। हँसिया दिनमा २०/२५ वटा बनाउन सकिने सुनारले बताए। आरनमा धेरै लगानी नगरी भने गर्न नपरेको उनले बताए। ७/८ सय लगानी गरेरै शुरु गरेका थिए। अहिले दुई लाख लगानीमा 'राम कृष्ण आरण उद्योग' संचालन गरेको उनले बताए। अहिले आरनमा फलाम तताउनका लागि प्रयोग गरिने पुरानो तरिकाबाट आगो फुक्ने भात्ती पनि रहेको छ।


शुभ–कामना

नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

घटना दर्ता सम्बन्धीको सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय निकायमा गई जन्म दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
जन्म, मृत्यु, बसाईसराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्छ ।

स्वास्थ्य सन्देश

डेंगी रोगबाट कसरी बच्ने ?
लामखुट्टेको टोकाईबाट हुने डेंगु रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ । पुरा बाहुला भएको लुगा लगाउने, झुल भित्र मात्र सुत्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने, पानी जम्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरि छोप्ने ।

यज्ञ प्रसाद ढकाल (नगर प्रमुख)
धनसरा बोहरा (नगर उप-प्रमुख)
कृष्ण प्रसाद पोखरेल (प्रमुख प्रशासकीय अधिकृत)
दिनेश पुलामी मगर (वडा अध्यक्ष, वडा नं. १)
चिरञ्जीवि बुढा (वडा अध्यक्ष, वडा नं. २)
जीत बहादुर सुनार (वडा अध्यक्ष, वडा नं. ३)
गंगा बहादुर खत्री (वडा अध्यक्ष, वडा नं. ४)
प्रेम बहादुर सारु (वडा अध्यक्ष, वडा नं. ५)
लाल सिं बुढा क्षेत्री (वडा अध्यक्ष, वडा नं. ६)
कर्ण बहादुर मीजार (वडा अध्यक्ष, वडा नं. ७)
पुसे दमाई (वडा अध्यक्ष, वडा नं. ८)
प्रेम बहादुर आग्री (वडा अध्यक्ष, वडा नं. ९)
बीर बहादुर बस्नेत (वडा अध्यक्ष, वडा नं. १०)
जय बहादुर नेपाली (वडा अध्यक्ष, वडा नं. ११)
राम बहादुर डांगी (वडा अध्यक्ष, वडा नं. १२)
गणेश बहादुर भण्डारी (वडा अध्यक्ष, वडा नं. १३)

भेरीगंगा नगरपालिका सुर्खेत परिवार



नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८१ साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

नौमुले गाउँपालिकाको अनुरोध !

- ☑ पशु चौपायलाई खुला र छाडा नछोडौं । बाटो अवरुद्ध हुनेगरी निर्माण सामाग्री नराखौं ।
- ☑ जथाभावी सडकमा फोहोर नफालौं, जरिवानाबाट बचौं ।
- ☑ सडेगलेका वस्तु विक्रि वितरण र प्रयोग नगरौं ।
- ☑ घरपालुवा कुकुरलाई बाटोमा दिसापिसाव नगराऔं ।
- ☑ बाल अधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।
- ☑ जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरी आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकहरुको अधिकार हो ।
- ☑ समयमै कर तिर्नु नागरिकहरुको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
- ☑ पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
- ☑ समयमै कर भुक्तानी गरी विकास निर्माणमा सहभागि बनौं ।
- ☑ जाति, भाषा, धर्म र लिंगको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।

गंग बहादुर शाही
उपाध्यक्ष

छविराम सुवेदी
अध्यक्ष

नौमुले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख, कर्णाली प्रदेश, नेपाल

कर्णालीमा स्वास्थ्य सेवा प्रवाह :

# विरामी अस्पताल धाउँदै, अस्पताल डाक्टर खोज्दै

नन्दराम जैशी
सुर्खेत, १ बैशाख ।

**उदाहरण–१**

सुगमता, विरामीको संख्या र पहुँचका आधारमा प्रदेश अस्पताल सुर्खेत कर्णालीकै मुख्य अस्पताल मानिन्छ । चाहे हवाइ उद्धार मार्फत होस् वा पैदल र सवारी यात्रा । कुनै पनि माध्ययमबाट यो अस्पतालमा दैनिक ६ सय बढि विरामीको घुइँचो लाग्छ ।

तर विरामी अस्पताल धाउँदै गर्दा प्रदेश अस्पताल भने अहिलेसम्म विषशेज्ञ चिकित्सककै जोखिमा छ । प्रदेश अस्पतालमा ८० चिकित्सकको दरबन्दी रहेकोमा १८ जना मात्र स्थायी दरबन्दीमा कार्यरत छन् । २७ जना करार र ५२ जना छात्रवृत्ति करार र संघसंस्थाबाट खटाएका चिकित्सकले सेवा दिइरहेका छन् ।

प्रदेश सरकार मातहतमा रहेको यो अस्पतालले न्युरोलोजिस्ट र कार्डियोलोजिस्ट चिकित्सक नै नपाउँदा पटक पटक टाउको र मुटुरोग सेवा नै बन्द गर्नुपर्ने स्थिती हुन्छ । यी दुई विभागका चिकित्सकहरु स्थायी दरबन्दीमा आउन मान्दैनन् । भने संघीय सरकारले छात्रवृतिमा पढेका डाक्टरलाइ रोटेशनमा काज पठाउँदा समेत समयमै हाजिर हुदैनन् । दैनिक विरामीको भिड लाग्ने यो अस्पताल अहिले पनि डाक्टरकै खोजिमा छ ।

प्रदेश अस्पतालका सूचना अधिकारी विनोद बस्नेतका अनुसार अस्पतालमा आउन इच्छुक न्युरोलोजिस्ट र कार्डियोलोजिस्ट डाक्टरका लागि अस्पतालले आन्तरिक स्रोतबाट पनि व्यवस्थापन गर्ने तयारी गरेको छ । तर डाक्टर नै आउँदैनन् ।

**उदाहरण–२**

भौगोलिक दृष्टिकोण तथा कर्णालीका अस्पतालका आधारमा स्वास्थ्य सेवा कार्यालय जाजरकोट मध्ययम खालको अस्पतालभित्र पर्दछ । जाजरकोट अस्पतालमा १३ जना चिकित्सकको स्थायी दरबन्दी रहेकोमा एक जना मात्र कार्यरत छन् । करारका चिकित्सकबाट कार्यसम्पादन भइरहेको छ । अस्पतालमा दुई जना करारका चिकित्सक र नौ जना अन्य क्षेत्रबाट कार्यरत छन् । 'एमडिजीपी डाक्टर नहुदाँ जटिल केस हेर्न सकिदैन । अस्पताल आएका जटिल खालका विरामी रेफर गर्न बाध्यछौं' अस्पताल प्रमुख प्रतिक्षा भारतीले भनिन्, 'विषेशज्ञ डाक्टर नहुदाँ जिल्लामै हेर्न सकिने विरामी पनि बाह्य जिल्ला रेफर गर्दा ज्यान जोखिम पर्नुका साथै उनीमाथि आर्थिक बोझ पनि बढेको पाइन्छ ।'




## कुन अस्पतालमा कति चिकित्सक ?

सामाजिक विकास मन्त्रालयका अनुसार कर्णालीमा एक सय ४५ स्थायी चिकित्सकको दरबन्दी रिक्त छ । प्रदेशभर एक सय ७५ स्थायी दरबन्दी रहेकोमा ३० जना मात्रै कार्यरत छन् । अन्य दरबन्दीमा स्थायी पदपूर्ति हुन सकेको छैन । हाल कर्णालीका अस्पतालहरुले करार चिकित्सकहरूको भरमा सेवा दिनुपर्ने अवस्था छ । चिकित्सकहरुको कूल दरबन्दीमध्ये ३० वटा मात्रै पदपूर्ति हुनु निकै कम हो । यस्तै ५३ जना चिकित्सक करार सम्झौतामा कार्यरत छन् । बाँकी ९७ जना छात्रवृत्ति करारअन्तर्गतका हुन् । जसअन्तर्गत पूर्वी सुर्खेतको मेहेलकुना अस्पतालले समेत चिकित्सक अभाव झेलिरहेको छ । ११ जना चिकित्सकको स्थायी दरबन्दी रहेको अस्पतालमा एक जना मात्र कार्यरत छन् । बाँकी तीन जना करारमा तथा छात्रवृत्ति र संघसंस्थाबाट ६ जना कार्यरत छन् ।

जिल्ला अस्पताल दैलेख पनि आवश्यक चिकित्सकविहीन बनेको छ । १३ जना चिकित्सकको दरबन्दी रहेको अस्पतालमा दुई जना मात्र कार्यरत छन् । अस्पतालमा करार दरबन्दी पाँच जना, छात्रवृत्ति करार र संघसंस्थाबाट तीन जना चिकित्सक छन् ।

रूकुमपश्चिम अस्पतालमा एक जना स्थायी दरबन्दीका चिकित्सक कार्यरत छन् । अहिले करारकै भरमा जिल्ला अस्पताल धानिएको छ । अस्पतालमा करार दरबन्दीका दुई जना र छात्रवृत्ति तथा संघसंस्थाबाट आठ जना कार्यरत छन् । कालीकोट जिल्ला अस्पतालमा पनि पर्याप्त चिकित्सक छैनन् । नौ जनाको स्थायी दरबन्दी रहेकोमा दुई जना चिकित्सक मात्र कार्यरत रहेका छन् । त्यहाँ तीन जना करार र पाँच जना छात्रवृत्ति तथा संघसंस्थाबाट कार्यरत छन् । मुगु जिल्ला अस्पतालमा नौ जना चिकित्सकको दरबन्दी छ । हाल दुई जना चिकित्सक मात्र दरबन्दीमा कार्यरत छन् । पाँच जना करार र दुई जना छात्रवृत्ति करारबाट कार्यरत छन् ।

प्रदेशमा स्वास्थ्य सेवातर्फ नौ सय नौ जना कर्मचारीको दरबन्दी छ । तर त्यसमध्ये हाल तीन सय २७ जनाको मात्रै पदपूर्ति भएको छ, पाँच सय ८२ जनाको स्थायी दरबन्दी रिक्त छ । दरबन्दीअनुसार पदपूर्ति नहुँदा करार कर्मचारीकै भरमा सेवा प्रवाह भइरहेको छ । प्रदेशभर झन्डै आठ सयको संख्यामा अस्थायी र करार जनशक्ति भर्ना गरिएको छ । करार दरबन्दीमा दुई सय ५२ जना कार्यरत छन् भने अस्थायी र अन्य करारमा गरेर पाँच सय ४६ जना कर्मचारी छन् ।

कर्णालीका दशमध्ये आठ जिल्लामा जिल्ला अस्पताल छन् । त्यसबाहेक सुर्खेतमा प्रदेश अस्पताल, मेहेलकुना अस्पताल र जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् । कर्णालीका अधिकांश जिल्ला अस्पतालमा चिकित्सक नै भेटिँदैनन् । दरबन्दीअनुसार सरुवा नहुने र भएका पनि काजमा सुविधायुक्त क्षेत्रमा जाने समस्या छ । स्थानीय, प्रदेश र संघ तीनै तहका सरकारबिच राम्रो समन्वय नहुदाँ पनि स्वास्थ्य क्षेत्रमा सुधार आउन नसकेको हो ।

उनका अनुसार अस्पतालमा सिजनल रुघाखोकी, ज्वरो, झाडापखला र भिरबाट लडेका तथा कुटपिट जस्ता जटिल खालका विरामी आउँछन् । यो अस्पतालले पनि सरकारसँग डाक्टर मागिरहेको छ ।

**उदाहरण–३**

भौगोलिक तथा यातायात सेवाका आधारमा सबैभन्दा दुर्गममा रहेको हुम्ला अस्पतालमा एक जना पनि दरबन्दीका चिकित्सक छैनन् । करार चिकित्सककै भरमा सञ्चालन भइरहेको अस्पताल दरबन्दीका डाक्टरलाइ स्वागत गर्न आतुर छ । हाल दुई जना करार र ६ जना छात्रवृत्तिका चिकित्सकले सेवा दिइरहेका छन् । कुल ४४ जना दरबन्दी रहेको यो अस्पतालमा ३५ जना करारकै कर्मचारी कार्यरत छन् । स्वास्थ्य सेवा कार्यालय प्रमुख प्रेम बहादुर सिंहका अनुसार अस्पतालमा विषेशज्ञ चिकित्सकको मात्रै अभाव छैन । भएका उपकरणहरु पनि पुराना हुदैछन् । भने इसिजी र प्यासेन्ज मनिटर छैन । यस्तै मौषमका कारण औषधि ढुवानीक लागि समयमै जहाज नआउने र आएपनि एरपोर्टमै थन्किदाँ स्वास्थ्य संस्थामा औषधि पुग्न महिनौ लाग्छ ।

'एमडिजीपी डाक्टर र आवश्यक उपकरण नहुदाँ जटिल खालका विरामी रेफर गर्नुपर्छ, रेफर गर्दा विरामीले आर्थिक सहयोग गरिदिन अनुरोध गर्दछन्' उनले भने, 'सहयोगका लागि हामीसँग एक लाख मात्रै बजेट हुन्छ, त्यसबाट सबैलाइ सहयोग गर्न सकिदैन, महंगो हवाइ भाडाले हुम्लाबाट बाह्य जिल्ला गएर उपचार गर्न विपन्न परिवारलाइ मुस्किल हुन्छ ।'

सुर्खेत, जाजरकोट र हुम्ला अस्पताल उदाहरण मात्रै हुन् । तर कर्णालीका सबै अस्पतालको अवस्था उस्तै छ । जस्तो सुकै अवस्थामा विरामी अस्पताल धाउछन् । तर सेवा नपाएर फर्किनुपर्ने बाध्यता टरेको छैन । कर्णालीमा विशेषज्ञ चिकित्सक नै निकै न्यून छन् ।

कर्णाली प्रदेश लोकसेवा आयोगले समेत छैटौं तह माथिका डाक्टर पदपूर्तीका लागि विज्ञापन नखुलाउँदा अस्पतालमा चिकित्सक दरबन्दी पूर्ती गर्न सकस परेको हो । यसअघि प्रदेश लोकसेवा आयोगले खुलाएको सातौ र आठौ तहका चिकित्सकको विज्ञापन पनि स्थगित भएको छ । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले पनि माथिल्लो तहका डाक्टर पठाउन सकेको छैन । तर यसअघि अस्थायीका लागि मन्त्रालयले खुलाएको आवेदनमा पनि माथिल्लो तहका चिकित्सक नआएको पाइएको छ ।

**स्टाफ नर्स र उपकरण अभाव**

कर्णालीका अस्पतालहरुले स्वास्थ्य क्षेत्रका अन्य कर्मचारीसँगै स्टाफनर्स र उपकरणको पनि अभाव झेलिरहेका छन् । सल्यान अस्पताल त्यसैको चरम मारमा छ । अस्पतालमा विषेशज्ञ चिकित्सक त छैनन् नै । त्यसैमा स्टाफनर्सको दरबन्दी पनि पूर्ती नहुदाँ सेवा प्रवाहमा समस्या भएको छ ।

२०४१ मा स्थापना भएको सल्यान अस्पतालमा चिकित्सकको दरबन्दी रिक्त छ । अस्पतालमा १३ जनाको स्थायी दरबन्दीमध्ये एक जनामात्रै चिकित्सक दरबन्दीमा कार्यरत छन् । छात्रवृत्ति र करार गरी ६ जना र अन्य चिकित्सकले सेवा दिइरहेका छन् । अस्पताल प्रमुख अर्जुन बुढाका अनुसार ६१ जना कुल दरबन्दी रहेको यस अस्पतालमा हाल करार सेवासहित ३१ जना कार्यरत छन् । 'अस्पतालमा विरामीको पाच बढ्दो छ, तर बाल रोग लगाएतका विषेशज्ञ डाक्टर छैनन्' उनले भने, 'दरबन्दी अनुसार स्टाफनर्स समेत नहुदाँ सेवा प्रवाहमा समस्या भएको छ ।'

उनका अनुसार अस्पतालमा इकोकार्डीयो ग्राफि र इन्डोसकपी उपकरण नहुदाँ समस्या भएको छ । बजेट अभावका कारण असपताल आफैले उपकरण किन्नसक्ने अवस्था छैन । प्रदेश तथा संघीय सरकारले उपकरण खरिदका लागि सहयोग गर्नुपर्ने देखिन्छ । हाल ५० सैयाको अस्पताल भवन निर्माण भइरहेको छ ।

**सेवा दिन घुम्ती शिविर**

डोल्पा जिल्ला अस्पतालले घुम्ती शिविर गरेर विरामीलाइ सेवा दिदै आएको छ । अस्पताल प्रमुख रत्नवीर सुनारका अनुसार भौगोलिक कठिनाइका कारण सजिलै अस्पताल पुग्न नसकेका विरामीलाइ अस्पतालले शिविर मार्फत सेवा दिने गरेको हो ।

'एक गाउँबाट अर्को गाउँ पुग्न ४-५ घण्टादेखि माथिल्लो डोल्पा आउजाउ गर्न एक दिन लाग्छ । त्यसैले सबै ठाउँमा सहज स्वास्थ्य सेवा दिन एकदम चुनौति छ' उनले भने, 'अस्पतालको पहुँचबाट कोही नछुटुन भनेर हामीले घुम्ती शिविर द्वारा विभिन्न पालिकामा सेवा दिने गरेका छौं ।'

अस्पतालमा नौ जना चिकित्सकको दरबन्दी रहेकोमा दुई जना मात्र कार्यरत छन् । अस्पतालमा एक जना करार र तीन जना छात्रवृत्तिका चिकित्सक छन् । चिकित्सक बाहेक सबैको दरबन्दी पूर्ण छ । बजार र अस्पताल जोड्ने पुल नहुँदा बजार बाट बिरामी आउन ३० मिनेट लाग्छ जुनकी पूल भएको खण्डमा २ मिनेटमा अस्पताल पुग्न सकिन्छ । हाल ५ जना मेडिकल अधिकृत, एउटा डेन्टल डाक्टर र एक जना एमडिजीपी डाक्टर कार्यरत छन् । अस्पतालमा आखाँ सम्बन्धी उपचार पनि हुन्छ जुन काम अप्थाल्मो असिस्टेन्टले गर्दछन् । यो अस्पतालमा आधारभूत उपचार र प्राथमिक सर्जरी (सिजरियन सेक्सन, एपेन्डिक्स, हर्निया, हाइड्रोसिल, ल्यापारोटोमी ) जस्ता आकस्मिक सर्जरी हरू पनि हुन्छ । डोल्पामा बिशेष गरी दम, दमखोकी, न्यूमोनिया जस्ता स्वासप्रस्वास र पाठेघर सम्बन्धी समस्याका विरामी बढि आउँछन् ।

## संघीयताको मारमा दैलेख जिल्ला अस्पताल

झण्डै आधा दशकअघिसम्म स्तरिय उपचारका लागि जिल्लाका सम्पन्नदेखि ग्रामीण भेगका नागरिकको रोजाईमा पर्थ्यो दैलेख अस्पताल । स-साना घाउचोटदेखि जटिल खालका रोगको उपचारका लागि ती नागरिक दैलेख अस्पतालमा पुग्थे । दैलेख जिल्ला सदरमुकामस्थित उक्त अस्पताल संघीयता कार्यान्वयनयता मारमा परेको छ । १५ शैया सञ्चालनको स्वीकृत पाएको स्वास्थ्य सेवा कार्यालय अर्न्तगत अस्पतालमा हाल स्थायी दरबन्दी अनुसारको डाक्टर छैनन् । संघीय सरकारबाट प्रदेश सरकारको मातहतमा आएपछि पर्याप्त बजेटको उचित व्यवस्था नहुँदा सेवा प्रवाहमा कठिनाई भएको छ । संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेसँगै अस्पतालमा दरबन्दीअनुसार डाक्टर र स्वास्थ्यकर्मी छैनन् । बिरामीलाई वितरण गर्ने औषधिको अभाव छ । औषधी खरिदका लागि प्रर्याप्त बजेट समेत छैन् । सेवा सञ्चालनका लागि पर्याप्त जनशक्ति र रकम पठाउन प्रदेश सरकार गम्भिर बन्न सकेको छैन् । जनताको सेवासंग प्रत्यक्ष सरोकार राख्ने सुविधा सम्पन्न यस अस्पतालमा अहिले बेसहारा बन्नु परेको छ ।

यो अस्पतालमा दैलेखसहित छिमेकी जिल्ला कालिकोट, अछाम र जाजरकोटसम्मका बिरामी सेवा लिन आउँथे । पछिल्ला केहि समययता जिल्लामा रहेको अस्पताललाई तीनै तहको सरकारले पर्याप्त बजेट उपलब्ध गराउन नसक्दा अस्पतालको सेवा प्रवाह नै प्रभावित हुन पुगेको जानकारहरु बताउँछन् । विशेषज्ञ चिकित्सक, दरबन्दी अनुसारको स्वास्थ्यकर्मी र पर्याप्त बजेट नहुँदा अस्पतालको सेवा प्रवाह गुणस्तरिय हुन सकेको दैलेखका जीवराज रेग्मी बताउँछन् । उनले आम नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने जिल्लाकै ठूलो अस्पताललाई सरकारले विशेष प्राथमिकतामा राख्नुपर्ने बताए । प्रदेश सरकार मातहत आएपछि अस्पतालले तीन महिना मात्रै धान्न सक्ने खर्च पाएको र व्यवस्थापनमा कठिनाइ भइरहेको अस्पताल स्रोतले जनाएको छ । 'अस्पतालमा १५ बेड सञ्चालनको स्वीकृत पाएको भएपनि हामीले ५५ बेडबाट स्वास्थ्य उपचार सेवा प्रवाह गरिरहेका छौं, स्वास्थ्य सेवा कार्यालयका निमित्त स्वास्थ्य सेवा व्यवस्थापक डा. धर्मराज रेग्मी भन्छन् 'सरकारले १५ बेड बराबरको लागि मात्रै बजेट पठाउँछ ।' अस्पताल संघीयताको मारमा परेको बताउँदै डा. रेग्मी भन्छन् 'अहिले सिमित बजेटले अस्पातलको स्वास्थ्य सेवा प्रवाहलाई धानेका छौं ।

**दरबन्दी ६१, पदपुर्ती ३८ मात्रै**

स्वास्थ्य सेवा कार्यालय/दैलेख अस्पतालमा विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, अन्य स्वास्थ्यकर्मी लगाएत ६१ जनाको दरबन्दी छ । तर, हाल ३८ जनाको मात्रै पदपुर्ती भएको अस्पताल स्रोतले जनाएको छ । अस्पतालका जनस्वास्थ्य निरीक्षक तथा सूचना अधिकारी नन्दलाल जैसीले कार्यालय प्रशासन र अस्पतालसहित ३८ जनाको मात्रै पदपुर्ती भएको बताए । अस्पतालमा विशेषज्ञ डाक्टर, मेडिकल अधिकृत र डेन्टल सर्जनसहित १४ जना डाक्टरको स्थायी दरबन्दी छ । तर, स्थायी दरबन्दी अनुसार पदपुर्ती हुन भने सकेको छैन् । अस्पतालमा सात जना विशेषज्ञ डाक्टरको स्थायी दरबन्दी छ । हाल दुई जना विशेषज्ञ डाक्टरहरु कार्यरत छन् । त्यो पनि काजमा । संघ अन्तर्गत दरबन्दी रहेका निमित्त स्वास्थ्य सेवा व्यवस्थापकसमेत रहेका स्त्री रोग विशेषज्ञ डा. धर्मराज रेग्मीसहित दुई जना विशेषज्ञ चिकित्सक हाल दैलेख अस्पतालमा काजमा कार्यरत छन् ।

पाँच जना मेडिकल अधिकृतको स्थायी दरबन्दी समेत रिक्त छ । हाल चार जना केडिकल अधिकृतहरु करार सेवामा अस्पतालमा कार्यरत रहेको सूचना अधिकारी जैसीले बताए । यस्तै अस्पतालमा छात्रबृति करारमा चार जना र एक जना डेन्टल सर्जन करारमा कार्यरत छन् । ८ जना स्टाफ नर्सको दरबन्दी रहेको अस्पतालमा तीन वटा दरबन्दी पदपुर्ती हुन सकेको छैन् ।

बाँकी ६ पेजमा

घटना दर्ता सम्बन्धीको सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय निकायमा गई जन्म दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाईसराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्छ ।

स्वास्थ्य सन्देश

डेंगी रोगबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगु रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ ।

पुरा बाहुला भएको लुगा लगाउने, झुल भित्र मात्र सुत्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने, पानी जम्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरि छोप्ने ।

शुभ–कामना

नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मोहन माया भण्डारी (ढकाल) (नगर प्रमुख)
निलकण्ठ खनाल (नगर उप-प्रमुख)
कृष्ण बहादुर जैसी (प्रमुख प्रशासकीय अधिकृत)
दिनेश खत्री (वडा अध्यक्ष, वडा नं. १)
गज बहादुर बुढा (वडाअध्यक्ष, वडा नं. २)
बिनोद सिंह विष्ट (वडा अध्यक्ष, वडा नं. ३)
शेर बहादुर केसी (वडाअध्यक्ष, वडा नं. ४)
लोक बहादुर शाही (वडा अध्यक्ष वडा नं. ५)
जनक बहादुर रावल (वडा अध्यक्ष, वडा नं. ६)
ध्रुव कुमार चपाईं (वडा अध्यक्ष, वडा नं. ७)
टिकाराम शर्मा (वडा अध्यक्ष, वडा नं. ८)
ऋषि गिरी (वडा अध्यक्ष, वडा नं. ९)
डिल बहादुर रखाल (वडा अध्यक्ष, वडा नं. १०)
खिमलाल देवकोटा (वडा अध्यक्ष, वडा नं. ११)
चुडामणी चपाईं (वडा अध्यक्ष, वडा नं. १२)
दिपेन्द्र राज कोईराला (वडा अध्यक्ष, वडा नं. १३)
देव बहादुर रोकाय (वडा अध्यक्ष, वडा नं. १४)
कृष्ण बहादुर थापा (वडा अध्यक्ष, वडा नं. १५)
डण्ड बहादुर विश्वकर्मा (वडा अध्यक्ष, वडा नं. १६)

वीरेन्द्रनगर नगरपालिका, सुर्खेत परिवार

# अधुरै खानेपानी आयोजना चर्चा बढी, काम न्यून



◣युग संवाददाता
**सुर्खेत, १ बैशाख ।**

कर्णाली प्रदेशका दुई बहुचर्चीत खानेपानी आयोजना अँझै निर्माण हुन सकेका छैनन् । हिमाली क्षेत्रको सबैभन्दा ठूलो जुम्लाको धौलिगाड खानेपानी आयोजना र सुर्खेतको भेरी लिफ्टिङ खानेपानी परियोजना अँझै निर्माण हुन नसकेका हुन् । धौलिगाड खानेपानी आयोजनाको काम सुरु भएको १४ वर्ष बित्यो । भने भेरी लिफ्टिङ खानेपानी परियोजना सुरु भएको ६ वर्ष बित्यो । तर निकै चर्चामा रहेका यी दुई खानेपानी आयोजना सम्पन्न हुन अँझै कति समय लाग्ने हो ? पत्तो छैन ।

निर्वाचनमा मतदाता रिझाउन नेताहरुको चुनावी नारा समेत बन्ने गरेका यी दुई आयोजना निर्माणको काम भने कछुवाको गतिमा छ । पछिल्लो समय काकाकुल बनेको सुर्खेत उपत्यका र जुम्ला उपत्यकामा खानेपानी पुर्‍याउन यी दुई आयोजना बाहेक विकल्प पनि छैन । तर आयोजना निर्माणको सुस्त गतिले नागरिकहरु आजित बनेका छन् ।

बहुचर्चीत धौलिगाड र भेरी लिफ्टिङ खानेपानी आयोजनामा प्रयाप्त बजेट हुदाँहुदै कार्यान्वयन गर्न नसक्नु सम्बन्धित पक्षको कमजोरी हो । अबको दुई वर्षभित्र धौलिगाड खानेपानी आयोजना सम्पन्न गर्ने लक्ष्य छ । भने भेरी लिफ्टिङ खानेपानी परियोजना पनि कार्यान्वयन प्रक्रियामा आएकोले आगामी तीन वर्षभित्र वीरेन्द्रनगरमा पानी पुर्‍याउने लक्ष्य छ ।

**कागजी प्रक्रियामै ढिलाइ**

सन् २०१८ बाट सुरु भएको भेरी लिफ्टिङ खानेपानी परियोजना निर्माणको काम सुरु गर्न कागजी प्रक्रियामै ढिलाइ भएको छ । वीरेन्द्रनगर नगरपालिकाको 'ड्रिम प्रोजेक्ट'का रूपमा रहेको यो परियोजनाको विस्तृत प्रतिवेदन तयारीमा ढिलाइ, पुनः डिजाइन, आवश्यक कार्यविधि निर्माण लगाएतका प्रक्रियामै ढिलाइ भएको हो ।

समयमै कानुनी प्रक्रिया पूरा गर्न नसक्दा काम अघि बढ्न नसकेको यो परियोजना अब कार्यान्वयन हुने आशा पलाएको छ । खानेपानी परियोजना निर्माणका लागि पहिलो चरणको काम सुरु गर्न ठेक्का सम्झौता प्रक्रिया अघि बढेको छ । पहिलो चरणको कामका लागि स्वदेशी तथा विदेश गरी १२ कम्पनीले ठेक्का प्रस्ताव पेश गरेका थिए ।

यही बैशाख ६ गतेपछि ठेक्का सम्झौता गरी काम सुरु गर्ने तयारी रहेको नगरपालिकाले जनाएको छ । पहिलो चरणको कामपछि तीन वर्षभित्र लिफ्टिङमार्फत् भेरी नदीको पानी वीरेन्द्रनगर पुऱ्याएर वितरण सुरु गर्ने तयारी छ । खानोपानी परियोजना निर्माण कम्पनीले सन् २०२८ मा काम सकेर वीरेन्द्रनगर नगरपालिकालाई हस्तान्तरण गर्नेछ । नगरपालिकामा आगामी ३० वर्षसम्म वृद्धि हुन सक्ने सम्भावित जनसंख्यालाई लक्षित गरी दीर्घकालीन खानेपानीको सहज आपूर्ति गर्ने उद्देश्यसहित परियोजनाको काम अघि बढाइएको हो ।

हाल वीरेन्द्रनगरमा बढ्दो जनघनत्वका कारण दैनिक तीन सय २० लिटर प्रतिसेकेण्ड पानीको माग छ । तर सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले प्रतिसेकेण्ड एक सय ५३ लिटर खानेपानी वितरण गर्दै आएको छ । हाल २० हजार घरधुरीलाई खानेपानी वितरण गर्दै आएको भए पनि १८ हजार बढी घरधुरी खानेपानीको पहुँचमा बाहिर छन् ।

यसअघि परियोजनाको मुख्य लगानीकर्ता विश्व बैंकको टोली समेत आयोजनास्थलमा पुगेर अवलोकन गरी फर्किसकेको छ । यो परियोजनालाई सफल बनाउन तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक छ । यता वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकालले परियोजना निर्माणका क्रममा रहेका चुनौतीलाई अवसरका रूपमा लिँदै नगरवासीलाई आगामी तीन वर्षमा भेरीको पानी खुवाएरै छाड्ने दावी गरेकी छन् । उनका अनुसार हाल परियोजना कार्यान्वयन गर्ने क्रममा आउन सक्ने कानुनी अड्चन, प्राविधिक तयारी तथा परियोजनालाई आवश्यक पर्ने दक्ष जनशक्तिसहितको कार्यालय स्थापना लगायतका प्रक्रिया पूरा भएको छ ।

परियोजना कार्यान्वयनका लागि संघीय खानेपानी मन्त्रालयले विश्व बैंकको ऋण सहयोगमा संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा एक सय मिलियन अमेरिकी डलर लागतमा भेरी नदीको पानी लिफ्टिङ प्रविधिबाट वीरेन्द्रनगरमा ल्याइनेछ । जसअनुसार संघीय सरकारले ८० प्रतिशत र प्रदेश सरकार, सम्बन्धित स्थानीय तहले २० प्रतिशत लगानी जुटाउनुपर्ने हुन्छ ।

सोहीअनुसार कर्णाली प्रदेश सरकार र वीरेन्द्रनगर नगरपालिकाले 'म्युचुअल फण्ड' अन्तर्गत प्रदेशले चालु आर्थिक वर्ष पाँच करोड रुपैयाँ विनियोजन गरेको छ भने नगरपालिकाले आयोजना स्थलसम्म पहुँचमार्ग विस्तार तथा आवश्यक पूर्वाधार निर्माणका लागि ५० लाख बजेटको व्यवस्था गरेको छ ।

आयोजनाको पहिलो चरणका काममा पानीको बहाव डाइभर्ट गरी नदी सतहदेखि करिब सात मिटर गहिरा दुईवटा इन्टेक निर्माण गरिनेछ । त्यसपछि इन्टेकदेखि करिब चार सय मिटर दूरीमा पानी प्रशोधन प्रणाली निर्माण, पाइपलाइन विस्तारसँगै अमृतडाँडामा रिजर्भ ट्यांकी निर्माण हुनेछन् । जसमा पहिलो चरणकै काममा ट्यांकीदेखि वीरेन्द्रनगरसम्म मुख्य पानी प्रसारण लाइन वितार हुनेछ ।

दोस्रो चरणमा वीरेन्द्रनगर उपत्यकामा पर्ने रत्न राजमार्ग र सुर्खेत-जुम्ला सडकको दुवैतर्फ प्रसारण लाइन विस्तार गर्ने योजना छ । वितरण प्रणाली तथा डिस्ट्रिक मिटर्ड एरिया (डिएमए) को बाँकी काम हुनेछ । पहिलो र दोस्रो चरणका लागि करिब तीन-तीन अर्ब लागत लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । त्यसपछि सम्पूर्ण प्राविधिक काम सम्पन्न गर्दै निर्माण कम्पनीले परियोजना वीरेन्द्रनगर नगरपालिकालाई हस्तान्तरण गर्नेछ ।

## १४ वर्षपछि निर्माणले गति लियो

जुम्लामा निर्माणाधीन राष्ट्रिय महत्वको बृहत् धौलिगाड खानेपानी आयोजनाको दुई चरणको काम एकैसाथ सुरु भएको छ । २०६६ सालदेखि यो आयोजनाको निर्माण सुरु भएको थियो । तर बीचमा बजेट अभावसँगै नागरिकको निष्क्रियताले आयोजना अलपत्र पऱ्यो । पछिल्लो समय आयोजनाले गति लिँदा लाभान्वित जुम्लाका समुदाय उत्साहित भएका हुन् । धौलिगाड पानीको मुहान चार हजार मिटर उचाइमा छ ।

दुवै चरणको काम द्रुत गतिमा निर्माण भइरहेको संघीय खानेपानी तथा ढल निकास आयोजनाको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पहिलो चरणमा मुहानदेखि ट्यांकीसम्म लाइन विस्तार, मुहानसम्म सडक निर्माण, मुहान संरक्षण, निर्माण सामाग्री ढुवानी, आरसीसी पानी भण्डारण गर्ने विभिन्न ट्यांकीहरु निर्माण लगाएतका काम जारी छन् । भने दोस्रो प्याकेजमा पाइपलाइनदेखि धाराको काम पनि धमाधम भइरहेका छन् । कुल एक अर्ब २६ करोड आठ लाख रुपैयाँ लागतमा निर्माण भइरहेको आयोजनाको पछिल्लो भौतिक प्रगति सन्तोषजनक रहेको आयोजना प्रमुख दिपेन्द्र भट्टले बताए । उनका अनुसार पहिलो चरणको भौतिक प्रगति ९.७५ प्रतिशत भएको छ भने दोस्रो चरणको कामको लक्ष्य ४ प्रतिशत रहेकोमा १७ प्रतिशत भौतिक प्रगति भएको छ ।

दोस्रो चरणमा पाइपलाइनदेखि धाराको काम ३७ करोड ७० लाख ५ हजार बढी लागतमा भइरहेको छ । यो आयोजना निर्माण भएमा जुम्लाको तातोपानी गाउँपालिकाका ६ वटा वडा, चन्दननाथ नगरपालिकाका १० वटा वडा र गुठिचौर गाउँपालिकाका ३ वटा वडा गरी १९ वडाका ४४ हजार एक ६३ नागरिक लाभान्वित हुनेछन् । आयोजना अन्तर्गत आठ हजार ६ सय ९५ वटा धारा निर्माण हुनेछन् । जसमा तातोपानीका १ देखि ६ नम्बर वडाका दुई हजार ७ सय बढी घरधुरीले प्रत्यक्ष लाभ लिनेछन् । मुख्य पाइप लाइनको लम्बाइ ६९ किलोमिटर रहनेछ भने वितरण शाखा पाइप लाइनको लम्बाइ दुई सय किलोमिटर रहनेछ । पानी महसुल प्रतिघरधुरी न्यूनतम मासिक ५५ रुपैयाँ लाग्नेछ । जुम्ला सदरमुकाम खलंगादेखि १५ किलोमिटर दूरीमा रहेको पानीको मुहानबाट प्रतिसेकेन्ड ५५ लिटर पानी ल्याउने गरी स्टमेट गरिएको छ । ३८ लाख ४५ हजार ६९९ लिटर पानी प्रतिदिन घरायसी खपत र तीन लाख ८४ हजार ५६९ लिटर प्रतिदिन संस्थागत खपत हुनेछ ।

आरसीसी पानी भण्डारण गर्ने ट्यांकी १३ वटा, पानी वितरण गर्ने ट्यांकी ९ वटा, क्लोरिनेसन प्रणाली १३ वटा र प्रेसर घटाउने ट्यांकी १७ वटा बन्ने छन् । यस्तै भल्व राख्ने संरचना पानी वितरण गर्ने ट्यांकी, भण्डारण गर्ने ट्यांकी र पाइपभित्रको फोहोर फाल्ने, बढी भएको पानी फाल्ने गरेर ६२ वटा ट्यांकी बन्ने छन् । हावा फाल्ने र पाइपभित्रको लेदो फोहोर फाल्ने संरचना ३० वटा निर्माण गरिनेछ ।

## संघीयताको...

अस्पतालमा दुई जना ल्याव टेक्निसियनको दरबन्दी खाली छ । एक जना ल्याव टेक्निसियन करारमा कार्यरत रहेको सूचना अधिकारी जैसीले बताए । 'अस्पतालमा कायम स्थायी दरबन्दी अनुसार चिकित्सक, मेडिकल अधिकृत लगाएत स्वास्थ्यकर्मीको पदपुर्ती भएको छैनृ, यहाँ कार्यरत अधिकाँश चिकित्सक र मेडिकल अधिकृतहरु कोही काजमा त कोही करार र छात्रबृति करारमा कार्यरत हुनुहुन्छ,' जैसीले भने ।

**औषधी किन्न बजेट अभाव कायमै**

अस्पतालमा औषधी खरिद गर्ने बजेट समेत अभाव हुँदै आएको छ । अस्पतालका सूचना अधिकारी नन्दलाल जैसी भन्छन् 'औषधी खरिद गर्न बार्षिक रुपमा जम्माजम्मी १५ लाख रुपैयाँ बजेट आउँछ, त्यति बजेटले औषधी खरिद गर्न पुग्दैन्, आन्तरित स्रोतबाट औषधी खरिद गर्नुपर्ने बाध्यता छ,' उनले भने । दैलेखका ११ वटै स्थानीय तहका नागरिकहरु उपचारका लागि दैलेख अस्पतालमा आउँछन् तर स्थानीय तहहरुले अस्पताललाई कुनै पनि सहयोग नगरेको जैसीको भनाई छ । 'गाउँपालिका र नगरपालिकामा औषधी खरिदका लागि वर्षेनी लाखौँ बजेट विनियोजन भएको हुन्छ, दैलेख जिल्ला अस्पतालमा सबै स्थानीय तहका नागरिकहरु उपचारका लागि आउनुहुन्छ, सबै पालिकाले अस्पताललाई केहि स्रोत उपलब्ध गराउनुपर्ने हो तर त्यसो हुन सकेको छैनृ,' उनले भने । संघबाट प्रदेश सरकारको मातहतमा आएपछि अस्पताल बेसाहारा जस्तै बनेको उनको भनाई छ । 'प्रदेश सरकारबाट आएको बजेटले धान्दैन्, स्थानीय तहहरुले वास्ता नै गर्दैनन्,' उनले भने । सिमित स्रोत साधनका बाबजुत अस्पतालले गुणस्तरिय स्वास्थ्य सेवा प्रदान हरप्रयास गरिरहेको जैसी बताउँछन् ।

**अक्सिजन प्लान्ट बिग्रियो**

अस्पतालमा २०७८ कात्तिकमा अक्सिजन प्लान्ट जडान गरिएको थियो । जिल्लाकै ठूलो अस्पताल दैलेख जिल्ला अस्पतालमा अक्सिजन पलान्ट जडान गरि सञ्चालनमा ल्याईएको थियो । अक्सिजन पलान्ट जडान भई सञ्चालनमा आएसँगै उत्पादन समेत थालिएको थियो । अक्सिजन पलान्ट जडान भई उत्पादन सुरुभएसँगै दैलेख अस्पताल, दुल्लु अस्पताल लगाएत स्थानीय तह मातहतका अस्पतालहरुमा अक्सिजन अभावको समस्या समाधान हुने अपेक्षा गरिएको थियो । तर, हाल उक्त अक्सिजन प्लान्ट बिग्रिएर थन्किएको छ । अस्पतालका सूचना अधिकारी जैसीले अक्सिजन प्लान्ट बिग्रीएको बताए ।

'अक्सिजन प्लान्ट बिग्रिएको छ, बिग्रिएको अक्सिजन प्लान्ट मर्मत गर्न चिनबाट मान्छे बोलाएका थियौँ, उहाँले हेरेर जानुभयो, चिनबाटै बिग्रिएको सामान ल्याउनुपर्ने छ,' उनले भने । चिनबाट सामान ल्याउनुपर्ने भएकाले कहिलेसम्म बनिसक्छ भन्ने यकिन नभएको जैसीले बताए । अस्पतालमा जडान भएको अक्सिजन पलान्टको शुद्धता ९० प्रतिशतसम्म रहेको बताईको छ । यसमा जडान भएको बुस्टरले प्रतिदिन ४० लिटर क्षमताका ४० वटा सिलिन्डर भर्न सक्छ । तत्कालिन समयमा ७५ लाख रुपैयाँको लागतमा अक्सिजन पलान्ट जडान भएको थियो । अस्पतालले टेक्डर प्रक्रियामार्फत अक्सिजन प्लान्ट खरिद गरेको थियो । कोरोनाको दोस्रो लहरको बेला अक्सिजनका लागि नेपालगंजसम्म धाउनुपर्ने अवस्था आएपछि अक्सिजन पलान्ट राख्नका लागि पहल थालिएको थियो ।

**अस्पतालको भवनको भौतिक प्रगति ५० प्रतिशत**

सरकारले दैलेख अस्पताललाई १५ शैयाको अस्पतालको रुपमा स्वीकृत गरेको छ । तर, अस्पतालले झण्डै ५५ शैयाबाट सेवा प्रवाह गरिरहेको छ । पुराना र जीर्ण भवनबाट जसोतसो ५५ शैयासम्मको सेवा प्रवाह गरिरहेको अस्पताल प्रशासनले जनाएको छ । अस्पतालमा सुविधा सम्पन्न भवनको वर्षौंदेखि अभाव रहँदै आएको छ । हाल भने अस्पतालका लागि नयाँ सुविधा सम्पन्न अस्पताल भवन निर्माणाधिन अवस्थामा छ । अस्पताल भवन निर्माणको काम ५० प्रतिशत भौतिक प्रगति भएको निमित्त स्वास्थ्य सेवा व्यवस्थापक डा. धर्मराज रेग्मीले बताए ।

कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय अन्तर्गत दैलेख जिल्ला अस्पतालको भवन निर्माण आयोजना कार्यान्वयन भएको हो । भवन निर्माणको जिम्मा कालिकोटको श्री प्रेरा/क्याराभान/सुपर स्टार जेभीले पाएको छ । २०७८ जेठ १० मा भवन निर्माण आयोजना सम्झौता भएको थियो । भवन निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले आगामी जेठ ३० गते निर्माण सकिसक्नुपर्ने समयसिमा तोकिएको छ । भवन निर्माणका लागि कुल २७ करोड २८ लाख ५२ हजार तीन सय ५३ रुपैयाँ लागत अनुमान स्वीकृत भएको थियो । ठेक्का प्रक्रियामार्फत निर्माणको जिम्मा पाएको कम्पनीले घटेर १८ करोड, २३ लाख, ९९ हजार तीन सय ८१ रुपैयाँमा ठेक्का सम्झौता गरेको छ ।


शुभ-कामना

नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

घटना दर्ता सम्बन्धीको सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय निकायमा गई जन्म दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
जन्म, मृत्यु, बसाईसराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्छ ।

स्वास्थ्य सन्देश

डेंगी रोगबाट कसरी बच्ने ?
लामखुट्टेको टोकाईबाट हुने डेंगु रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ । पुरा बाहुला भएको लुगा लगाउने, झुल भित्र मात्र सुत्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने, पानी जम्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरि छोप्ने ।

चन्द्र प्रकाश घर्ती (नगर प्रमुख)
सिता जैसी (नगर उप-प्रमुख)
दिपक राना (वडा अध्यक्ष, वडा नं. १)
भिम बहादुर कार्की (वडाअध्यक्ष, वडा नं. २)
लिला बहादुर शाह (वडा अध्यक्ष, वडा नं. ३)
बसन्त प्रसाद शर्मा (वडाअध्यक्ष, वडा नं. ४)
लाल बहादुर चन्द (वडा अध्यक्ष वडा नं. ५)
शसिराम बुढा (वडा अध्यक्ष, वडा नं. ६)
दिप बहादुर शाही (वडा अध्यक्ष, वडा नं. ७)
बिर बहादुर शाही (वडा अध्यक्ष, वडा नं. ८)
हिरा प्रसाद शर्मा (वडा अध्यक्ष, वडा नं. ९)
दल बहादुर राना (वडा अध्यक्ष, वडा नं. १०)
लक्ष्मी प्रसाद जैसी (वडा अध्यक्ष, वडा नं. ११)
भत्त बहादुर मल्ल (वडा अध्यक्ष, वडा नं. १२)
यज्ञ बहादुर बटाला (वडा अध्यक्ष, वडा नं. १३)

भेरी नगरपालिका, जाजरकोट, परिवार



नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

व्यक्तिगत घटना दर्ता सप्ताह

२०८१ साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

भैरवी गाउँपालिकाको अनुरोध !

- ☑ पशु चौपायलाई खुला र छाडा नछोडौं । बाटो अवरुद्ध हुनेगरी निर्माण सामाग्री नराखौं ।
- ☑ जथाभावी सडकमा फोहोर नफालौं, जरिवानाबाट बचौं ।
- ☑ सडेगलेका वस्तु विक्रि वितरण र प्रयोग नगरौं ।
- ☑ घरपालुवा कुकुरलाई बाटोमा दिसापिसाव नगराऔं ।
- ☑ बाल अधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।
- ☑ जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरी आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकहरुको अधिकार हो ।
- ☑ समयमै कर तिर्नु नागरिकहरुको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
- ☑ पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
- ☑ समयमै कर भुक्तानी गरी विकास निर्माणमा सहभागि बनौं ।
- ☑ जाति, भाषा, धर्म र लिंगको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।

देवि भण्डारी उपाध्यक्ष
रिता कुमारी शाही अध्यक्ष

भैरवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरीकालिकाथुम, दैलेख, कर्णाली प्रदेश, नेपाल



नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिवालय गाउँपालिकाको अनुरोध !

- ☑ पशु चौपायलाई खुला र छाडा नछोडौं । बाटो अवरुद्ध हुनेगरी निर्माण सामाग्री नराखौं ।
- ☑ जथाभावी सडकमा फोहोर नफालौं, जरिवानाबाट बचौं ।
- ☑ सडेगलेका वस्तु विक्रि वितरण र प्रयोग नगरौं ।
- ☑ घरपालुवा कुकुरलाई बाटोमा दिसापिसाव नगराऔं ।
- ☑ बाल अधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।
- ☑ जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरी आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकहरुको अधिकार हो ।
- ☑ समयमै कर तिर्नु नागरिकहरुको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
- ☑ पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
- ☑ समयमै कर भुक्तानी गरी विकास निर्माणमा सहभागि बनौं ।
- ☑ जाति, भाषा, धर्म र लिंगको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।

गिता शाही उपाध्यक्ष
शेर बहादुर शाही अध्यक्ष

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जाजरकोट, कर्णाली प्रदेश, नेपाल

# दशकदेखि कम्पनीको झोलामा तिला नदी

**◣युग संवाददाता**
**सुर्खेत, १ बैशाख ।**

कर्णालीको जलविद्युतको संम्भावनाका क्षेत्र रहेको तिला-१ र २ विद्युत निर्माण कम्पनी एसी पावरले १३ वर्षदेखि खोला झोलामा राखेर बसेको छ । निर्माणको जिम्मा पाएको एसी पावर कम्पनीले २०६७ साल चैतमा सरकारसँग निर्माणको सम्झौता गरेको थियो । सम्झौता गरेको १३ वर्ष पुग्दासमेत तिला कर्णाली जलविद्युत् आयोजना अझैसम्म कम्पनीकै कब्जामा रहेको हो । न उसले लगानी जुटाउन सकेको छ न आफै बनाउने जमर्को गरेको छ ।

कम्पनीले चार सय ४० मेघावाटको तिला-१ र चार सय ४० मेघावाट तिला-२ को गरी जम्मा आठ सय ८० मेगावाटको विद्युत उत्पादन गर्ने सम्झौता भएको थियो । तिला-१ को आयोजना कालिकोटको तिलागुफा ५ धनाडामा र तिला-२ खाँडाचक्र नगरपालिका ६ सेराबाडामा बाँध बन्ने आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) मा उल्लेख छ । आयोजनालाई वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) का लागि दिइएको पछिल्लो म्याद २०७८ मै सकिएको थियो ।

लगानी जुटाउने म्याद सकिएको वर्षौं बितिसक्दासम्म पनि काम सुरु गर्न सकेको छैन । राजनीतिक दाउपेचमा परेको यो धन्नै नौ सय मेगावाटको आयोजना स्वदेशी कम्पनी र भारतीय कम्पनीले निर्माण गर्न परियोजना विकास सम्झौता पनि भइसकेको छ ।

लगानी जुटाउन हारगुहार

बर्षौंदेखि लगानी खोज्दै हिँडेको एसिपावर कम्पनी फेरी जिल्लामा फर्केको छैन । निर्माणको म्याद थप्दै लगानी खोज्दै गरेको कम्पनीले अहिले भारतीय कम्पनी जिएमआरसँग लगानी गरिदिन गुहार माग्दै आएको छ । ट्रान्समिटर लाइन नबन्दा अहिलेसम्म निर्माणको काम अगाडि बढाउन नसिकिएको एसिपावर कम्पनीका प्रमुख हरिचन्द्र शाहले बताए । 'निर्माणको जिम्मा पाएको लामो समय भए पनि सरकारसँग आधिकारिक लाइसेन्स पाएका थिएनौं ।', उनले भने, 'अब पायौं फागुनदेखि काम अगाडि बढाउने छौं ।'

निर्माणको जिम्मा पाए पनि केही प्राविधिक र आर्थिक चुनौतीका कारण रोकिएको उनले बताए । 'हामी लगानीको लागि भारतीय कम्पनी जिएमआरसँग सम्झौता गर्दैछौं ।' उनले भने, 'अब काम अगाडि बढ्छ ।' स्वदेशी कम्पनीले लगानी गर्न नसकी भारतीय कम्पनी जिएमआरको भरमा पर्दा तिला कर्णाली जलविद्युत् आयोजना अलपत्र अवस्थामा परेको जिल्ला समन्वय समिति कालिकोटका प्रमुख धनजीत शाहीले बताए । 'यस विषयमा सहमति र सम्झैता अनुरूप यसै कम्पनीले काम अगाडि बढाउनु पर्छ ।

अब म्याद थप्नु हुँदैन काम नगर्ने भए अर्को कम्पनीलाई गर्न दिनुपर्छ ।' उनले भने, 'स्वदेशी कम्पनी एसिपावरले १३ वर्षदेखि तिला एक र तिला २ जलविद्युत् आयोजना आफूले काम गरेको छैन, न अरूलाई काम गर्न दिएको छ । वर्षौंदेखि झोलामा खोला बोकेर हिँड्न पाइँदैन ।'

मुआब्जा सहमति बिनै नौ मिटर सुरुङ खनिसकेको तिला जलविद्युत आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुसँग सहमतिनै नलिई आयोजनाले नौ मिटर सुरुङ खनिसकेको छ । परीक्षणको लागि खनिएको सुरुङ पास भइसकेको पनि छ । सुरुङ खनेको १० वर्ष हुँदासमेत अहिलेसम्म यो क्षेत्रमा कम्पनी पुगेको छैन ।

प्रभावित क्षेत्रका वासिन्दाहरुसँग मुआब्जाको मूल्य निर्धाण नै नगरी नौ मिटर सुरुङ खनिसकेको कम्पनी अहिले सम्पर्कमा छैन । २०६७ को चैतमा भएको परियोजना विकास सम्झौता (पीडीए) मा तिला कर्णालीको वित्तीय व्यवस्थापन पाँच वर्षभित्रै (२०७३ असोजसम्म) टुंग्याउने उल्लेख थियो ।

**कम्पनीलाई चेतवानी**

तिला कर्णाली जलविद्युत् आयोजनाको काम नभएको भन्दै आयोजना प्रभावित क्षेत्र कालिकोटका स्थानीयले आयोजना निर्माण नगर्ने भए आयोजना छोड्न निर्माण कम्पनीलाई चेतावनी दिएका छन् । आयोजना प्रभावित नागरिकले कि आयोजना निर्माण हुनुपर्ने कि त जीएमआरले छोड्नुपर्ने भन्दै विरोध गरेका हुन् । माथिल्लो कर्णाली र तिला जलविद्युत् आयोजना निर्माण गर्न भारतीय कम्पनी जिएमआरलाई दिन नहुने भन्दै लामो समयदेखि नेपाल मजदुर किसान पार्टीले विरोध गरिरहेको छ ।

## विकासको मेरुदण्ड 'कर्णाली राजमार्ग'

# स्तरोन्नतिमा सँधै उपेक्षा

**◣हिक्मतबहादुर नेपाली**
**दैलेख, १ बैशाख ।**

सुर्खेतबाट जुम्ला जोड्ने सडक हो, कर्णाली राजमार्ग । प्रदेश राजधानी वीरेन्द्रनगरबाट दैलेख, कालिकोट हुँदै कर्णाली नदिको किनारै किनार भएर जुम्ला पुग्ने मार्ग अर्थात कर्णाली राजमार्ग । यो राजमार्ग कर्णालीको प्रमुख पर्यटकीयस्थल रारा जोड्ने प्रमुख मार्ग समेत हो । यो राजमार्गलाई कर्णाली विकासको मेरुदण्ड समेत मानिएको छ । राजमार्ग सञ्चालनमा आएयता सानादेखि भयानक दुर्घटनाहरु भएका छन् । दुर्घटनाको क्रम अहिले पनि रोकिएको छैन् । तरपनि सरकारले यो सडकको स्तरोन्नतिका लागि आवश्यक बजेट दिने गरेको छैन । टालटुलका लागि फाट्ट-फुट्ट बजेट आउने गरेपनि समर्ग राजमार्ग विकासका लागि पर्याप्त बजेट नआउँदा सवारी दुर्घटनाहरु दिनप्रतिदिन बढीरहेका छन् ।



कर्णाली राजमार्गमा भएको सानादेखि ठूला दुर्घटनाका घटना थुप्रै छन् । घटना २०६३ चैत्रको हो । कालिकोटको हुल्मदेखि सुर्खेतका लागि प्रस्थान गरेको बस आफ्नै गतिमा हुईकिरहेको थियो । बसमा साहु, चालक र सहचालकबाहेक ४७ यात्रु थिए । दैलेखको आठबीस नगरपालिकाको किटुबाट अघि बढ्न नपाउँदै यात्रुबाहक बसको टायरले सडकको लिक छोड्यो । बस कर्णाली नदिमा खस्यो । आ-आफ्नै सपना बोकेर यात्रारत यात्रुहरुको सपना त्यहि टुंगियो । उक्त दुर्घटनामा ४२ जनाले ज्यान गुमाए । जो कर्णाली राजमार्ग सञ्चालनमा आएयताको सबै भन्दा ठूलो र भयानक दुर्घटना थियो । त्यो कहालीलाग्दो दुर्घटनापछि राजमार्गमा यात्रा गर्ने जो कोहीलाई झस्काउँछ ।

कर्णाली राजमार्गमा दुर्घटनाको क्रम यतिमै सिमित रहेन् । यात्रुबाहक सवारी साधन दुर्घटना हुने क्रम बढिरहेको छ । २०६८ मंसिरमा कालीकोटको सेराबाडामा भएको दुर्घटनामा २८ जना यात्रुले ज्यान गुमाए । २०७१ मा जुम्लाको रारालिहीमा बस दुर्घटना हुँदा १८ जनाको ज्यान गयो । त्यसबीचमा भएका दुर्घटनामा जुम्लाको गाडगडेनीमा १३, दैलेखको खिड्कीमा १४ र सुर्खेतको कल्याणकाधमा १५ को मृत्यु भएको थियो । नेपालगञ्जबाट सुर्खेत हुँदै मुगुको सदरमुकाम गमगढी जाँदै गरेको भे १ ख ३१६७ नम्बरको बस मुगुको छायानाथ रारा नगरपालिका-७ पिनाटप्ने खोलामा दुर्घटना हुँदा ३३ जनाको मृत्यु भएको थियो । कर्णाली राजमार्गमा पुःन बस दुर्घटना भयो । कालीकोटबाट सुर्खेत जाँदै गरेको बस दुर्घटनामा ४ जनाले ज्यान गुमाए । म १ ख ६६० नम्बरको बस दैलेखको आठबीस नगरपालिका-२ सिस्नेस्थित कर्णाली राजमार्गमा दुर्घटना परेको थियो । यी राजमार्ग सञ्चालनमा आएपछि भएका केहि ठूला दुर्घटना हुन् । स-साना दुर्घटनाहरु दैनिक जसो भईनै रहन्छन् । यो राजमार्गमा भएका दुर्घटनामा अहिलेसम्म सयौं कर्णाली बासीले ज्यान गुमाईसकेका छन् ।

दैलेखका बिमल बोहोराले राजमार्गमा यात्रुहरु कष्टपूर्ण यात्रा गर्न बाध्य भएको बताए । 'दुर्घटनाको जोखिम उच्च छ, राजमार्ग भनेर तोकिएपनि सडकको अवस्था बेहाल छ,' उनले भने 'सडकको अवस्था दयनीय हुनुमा राजनीतिक नेतृत्वको कमजोरी छ, पद र कुर्चीकै लागि लडाई गरिरहेका नेताहरु गरिब र विपन्न नागरिकको दुःख कल्यै बुझ्नेनन् ।' 'कालोपत्र गरिएका सडक पनि एक वर्षमै भत्किने गरेको उनको भनाई छ । साँघुरो र अप्ठ्यारो सडक, क्षमताभन्दा बढी यात्रु, पुराना गाडी, ट्राफिक नियमको बेवास्ताले बढी दुर्घटना हुने गरेको कर्णाली राजमार्गमा पर्ने आठबीस नगरपालिका-४ राकमकर्णालीका युवा अर्जुन शाही बताउँछन् । 'यसैपछि कर्णाली राजमार्गको भूगोग कठिन छ, त्यसमाथी सडक साँधुरो छ, मोडहरु धेरै छन्, त्यसले दुर्घटनाको जोखिम बढि छ,' शाहीले भने । साँधुरो बाटो, घुम्ती बढि, चालकको लापरबाही, साँधुरो सडकमा तिब्र गति र उछिन्ने प्रवृति, क्षमता भन्दा बढि यात्रु, पुरानो गाडी, नियमित गाडी मर्मत र ट्राफिक प्रहरीको लापरबाहीले कर्णाली राजमार्गमा दुर्घटनाहरु बढिरहेको शाहीले बताए ।

'राजमार्गमा पुराना गाडीहरु चल्छन्, यात्रुबाहक सवारी साधनले ट्राफिक प्रहरीलाई छलेर होस् या ट्राफिक नियम तोडेर क्षमता भन्दा बढि यात्रु चढाउँदा दुर्घटना भईरहेका छन्, अर्कोतर्फ राजमार्ग जिर्ण हुँदा दुर्घटना रोक्न चुनौती छ,' शाहीले भने । राजमार्ग स्तरोन्नतिमा भने सरकारको ध्यान नगएको शाहीको भनाई छ । ट्र्याक ओपन भएको डेढ दशक पुग्दा पनि सडकको अवस्था सुधार हुन नसकेको शाहीले बताए । 'राजमार्ग हुँदै यात्रा गर्ने यात्रुहरुले असाध्यै दुःख पाएका छन्,' उनले भने 'सडक गुणस्तरिय र दिगो रुपमा स्तरोन्ती भए कर्णालीका जनताले सुख पाउँथे की ।'

कर्णाली राजमार्ग विश्व बैंकको आर्थिक सहयोगमा निर्माण भएको हो । वि.सं. २०६३ चैत्र महिनाको ३० गते सञ्चालनमा आएको कर्णाली राजमार्गको लम्बाई २३२ किलोमिटर छ । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०४८ सालमा शिलान्यास गरेको कर्णाली राजमार्गको निर्माण सशस्त्र द्वन्द्व र बजेट अभावको समस्या भोग्दै १५ वर्षपछि मात्र सकिएको थियो । चट्टानै चट्टानका कारण निर्माणमा समस्या भएपछि सरकारले नेपाली सेनालाई सडक निर्माणको जिम्मा लगाएको थियो । नेपाली सेनाले २०६३ चैत ३० गते ट्र्याक खोलेको सडकमा २०७२ मा ओटासिल प्रविधिको कालोपत्र गरिएको थियो । तर, अधिकाँश ठाउँमा कालोपत्रे उप्किएको छ ।

राजमार्गले सुर्खेत, दैलेख, कालीकोट, जुम्ला र मुगुलाई प्रत्यक्ष रूपमा जोडेको छ । सडक जीर्ण हुँदा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ । सडक एक लेनको मात्र हुँदा पनि यात्रा जोखिमपूर्ण बनेको छ । दुर्घटना परेर वर्षेनी यात्रुले ज्यान गुमाउनु परेको छ । सुर्खेतको बांगेसिमलदेखि दैलेखहुँदै कालिकोटको दहीखोलासम्म सडक डिभिजन कार्यालय सुर्खेतले हेर्दै आएको छ ।

राजमार्ग अन्तरगर्त दहीखोलादेखि जुम्ला खलंगासम्म सडक डिभिजन कार्यालय जुम्ला खलंगाले हेर्दै आएको छ । सडक डिभिजनमार्फत पटके मर्मत सम्भारका कामहरु हुँदै आएका छन् । तर राजमार्ग सुधार हुन सकेको छैन् । अवस्था उस्तै छ ।

### वजेटमा सरकारी वेवास्ता

कर्णाली राजमार्गको दुरावस्थालाई संघ तथा प्रदेश सभामा प्रतिनीधित्व गर्ने सांसदहरुले आवाज उठाउँदै आएका छन् । तर, उनिहरुको आवाज सरकारले सुन्दैन् । राजमार्ग स्तरोन्नतिमा सरकारले निरन्तर वेवास्ता गरिरहेको छ । दैलेखबाट संघीय संसदमा प्रतिनीधित्व गर्ने तत्कालिन सांसद राजबहादुर बुढा, पार्वती विशुन्के लगाएतले कर्णाली राजमार्गलाई स्तरोन्निति गर्न पटक पटक माग गरे ।

पूर्व सांसद बुढाले सुर्खेत दुर्घटनामा परी सयौ नागरिकले ज्यान गुमाएको जुम्लासडकलाई सरकारले कर्णाली राजमार्गको नाम दिएको बताए । कर्णाली राजमार्गलाई सरकारले उपेक्षा गरेको उनी बताउँछन् । जुम्लाबाट निर्वाचित प्रतिनीधिसभा सदस्य ज्ञानेन्द्रबहादुर शाहीले हालैको संसद बैठकमा कर्णाली राजमार्ग स्तरोन्निति नभए आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् । 'कर्णाली राजमार्गमा हालसम्म चार सय ३२ सवारी दुर्घटना भएका छन्, दुई सय ८७ बढि नागरिकले ज्यान गुमाईसकेका छन्, हजारौं नागरिकहरु घाइते अवस्था छ,' सांसद शाहीले भने । उनले आगामी आर्थिक वर्षको बजेटमा सुर्खेतदेखि दैलेख कालिकोट हुँदै जुम्ला पुग्ने कर्णाली राजमार्गको स्तरोन्नतिका लागि बजेट व्यवस्थापन गर्न माग गरेका छन् । राजमार्गमा खाल्डाखुल्डीले दुर्घटनाको जोखिम उच्च रहेको सवारी चालक जीवन सुनारले बताए । पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुने कर्णाली राजमार्गमा गाडी चलाउन निकै सास्ती हुने गरेको सुनारले बताए । 'साघुँरो सडकका कारण गाडी क्रस गर्न पनि ब्याक गरेर साइड दिनुपर्ने बाध्यता छ, उनले भने 'एक मोडबाट अर्को मोडमा गाडी देख्न सकिँदैन् ।' कर्णाली राजमार्ग मृत्यु मार्गमा परिणत भईसकेको दैलेखका रुपलाल विश्वकर्मा बताउँछन् । 'यहि बाटो भएर हिड्ने कर्णालीका दुई वटा मुख्यमन्त्री बन्नुभयो, तर राजमार्ग सुधार हुन सकेनू, यहि मार्ग भएर यात्रा गर्ने कर्णालीबासीहरु गन्तव्यमा नपुग्दै अकालमै ज्यान गुमाईरहेका छन्, उनले भने । कर्णाली राजमार्गमा जोखिमपूर्ण यात्रा गर्ने यात्रुको कथा र व्यथा नागरिकका वियोगान्त र कर्णालीबासीको आवाज सुन्ने कोही नभएको उनको गुनासो छ । 'सरकारले वास्तविक आवश्यकताको पहिचान गरेर सुर्खेत जुम्ला जोड्ने सडकलाई मृत्यु मार्ग नभई साँच्चिकै राजमार्ग बनाउनुपर्छ,' उनले भने ।

यात्रुहरु यो सडकमा यात्रा गर्दा आफ्ना देवतालाई भाकल गरेर यात्रा गर्न बाध्य रहेको दैलेखका रमेशजंग थापा बताउँछन् । 'गाडी चढ्नुपुर्व आफ्ना कुल देवतालाई सम्झेर कैयौं पटक मात्र यात्रा गरेको छु,' उनले भने, 'कर्णाली राजमार्गको थप विकासका लागि राज्यले किन ध्यान नदिरहेको होला ।' सडक स्तोरन्नति चाँडो नहुँदा सडकको अवस्था झन-झन बिग्रँदै गइरहेको छ । सडक डिभिजन कार्यालय सुर्खेतका अनुसार उक्त खण्डको लागि चालु आर्थिक बर्षका कुनै बजेट छैन् । राजमार्ग एक पटक कालोपत्रे भईसकेकोले स्तरोन्नति भन्ने नहुने र मर्मत सम्भारको काममात्रै हुने सडक डिभिजनले जनाएको छ ।

नव वर्ष २०८१ सालको अवसरमा हामी हाम्रा सम्पूर्ण कर्मचारी, जनप्रतिनीधि, बुद्धिजिवी, राजनीतिक दल, नागरिक समाज लगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्रम स्वीकृतिका लागि अनलाइन सेवा दिइने बारेको सूचना

यस गाउँपालिका स्थायी ठेगाना भएका वैदेशिक रोजगारमा जाने युवाहरुलाई अनलाईन श्रम स्वीकृतिको लागि २०८० बैशाख १ गतेदेखि गाउँपालिकाको रोजगार शाखाबाट निःशुल्क अनलाइन सेवा प्रदान गरिने भएकाले यस कालिमाटी गाउँपालिकाका सम्बन्धित व्यक्तिहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

दान बहादुर केसी (अध्यक्ष)
सनसिल्ला वली डिसी (उपाध्यक्ष)

कालिमाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर, सल्यान, कर्णाली प्रदेश, नेपाल
वेबसाईटः www.kalimatimun.gov.np
इमेलः ito.kalimatigaupalika@gmail.com
सम्पर्क नं. : ९८४७८४४२००
